# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रास्कोट नगरपालिका
## कालिकोट

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रास्कोट नगरपालिका

## कालिकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रास्कोट नगरपालिका

## कालिकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्रयाई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/[illegible], काठमाडौं, नेपाल**

महालेखा परीक्षकको कार्यालय नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ७९

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री प्रमुखज्यू ,

रास्कोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

कालिकोट ।

१. **कैफियत सहितको राय —** हामीले रास्कोट नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.५ करोड ३८ लाख ३२ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन। उल्लेखित बेरुजुमध्ये असुल गर्नुपर्ने रू. ३५ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ८५ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ८ लाख ४८ हजार र पेश्की बाँकी रु.८ लाख ३९ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष सम्म रु.१४ करोड ४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१९ करोड ३८ लाख ३६ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

# रास्कोट नगरपालिका,

## कालिकोट जिल्ला

## चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९२ | ६४ | ५३८३२ | ० | ० | ० | ९२ | ६४ | ५३८३२ | ३५७२ | २०८४८ | २८५७३ | ० | ० | ४९४२१ | ८३९ |

## १. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रास्कोट नगरपालिका, कालिकोट | १४०००४ | ० | ० | १४०००४ | ० | ५३८३२ | १९३८३६ |

## २. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | - | - | - |
| | | | | |
| | चालु वर्षको जम्मा | - | - | - |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | - | - | - |
| | | | | |
| | २०७७।७८ | - | - | - |
| | | | | |
| | २०७६।७७ | - | - | - |
| | गत विगतको जम्मा | - | - | - |
| | कुल जम्मा | - | - | - |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय —**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ५९.७२ वर्ग किलोमिटर तथा जनसंख्या १६ हजार २७२ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२१ देखि २०८०।५।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि तथा सीमा -** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, लेखापरीक्षण नीति मानदण्ड, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यास, लिखित प्रतिनिधित्वपत्रएबं लेखापरीक्षण अनुवन्धपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ ।लेखापरीक्षण टोलिमा रहेको सिमित साधन र श्रोत, सूचनाको पहुचमा हुने सिमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी बैद्यता परीक्षणगर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट (Sampling)गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेबारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिबेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेबारी व्यवस्थापन पक्षको रहेको छ । स्थलगत अवलोकन समेत गर्न नसकिएको रस्रेस्ता परीक्षणलाई मात्र लेखापरीक्षणको आधार मानिएको छ ।सारभुतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग

छलफल सम्पन्न गरिएको छ ।छलफल भइ पेश भएका थप कागजातहरु समेत परीक्षण गर्दाकायम हुन आएका व्यहोराहरु निम्नानुसार रहेका छन्ः

**(ङ) आर्थिक कारोबारको स्थिति --** कार्यालयको आर्थिक कारोवारको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(च) लेखापरीक्षणको क्रममा असुली --** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६,५१२।०० असुली भई सञ्चित कोष दाखिला भएको र वर्षान्तमा फिर्ता नगरि बाँकी रहेको रु.९३,५२,०८०।०० सञ्चित कोषमा फिर्ता भएको समेत जम्मा रु.९३,५८,५९२।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम/ ब.उ.शी.नं. | वापत | रकम | मिती | दाखिला भएको बैंक |
|---|---|---|---|---|
| संघिय शसर्त | अनुदान फिर्ता | ७५,७५,९९४ | २०८०।५।२५ | राष्ट्रिय वाणिज्य बैंक |
| प्रदेश शसर्त | अनुदान फिर्ता | १२,३२,५०० | २०८०।५।२५ | राष्ट्रिय वाणिज्य बैंक |
| प्रदेश विशेष अनुदान | अनुदान फिर्ता | १,९०,००० | २०८०।५।२५ | राष्ट्रिय वाणिज्य बैंक |
| सामाजिक सुरक्षा | निकासा फिर्ता | ३,५३,५८६ | २०८०।५।२५ | राष्ट्रिय वाणिज्य बैंक |
| आन्तरिक राजस्व | आय दाखिला | ६५१२ | २०८०।५।२५ | राष्ट्रिय वाणिज्य बैंक |
| **जम्मा** | | **९३,५८,५९२** | | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छ।

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्दछ। पालिकाले सिग्यासतर्फको अन्तरसरकारी अख्तियारीतर्फको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८,८४,०६,१४२।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.५,०२,४७,०८९।००, स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु.४९,९९,२३२।००, पूर्वाधार विशेष कार्यक्रमको रु. ९९,३०,८३३।००, आन्तरिक मामिला तथा कानुन मंत्रालयको रु.२४,२४,०००।०० गरी रु.१५,६०,०७,२९६।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

(क) **फरक जिम्मेवारी -**पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६२,१७,२६०।०० मौज्दात रहेकोमा यो वर्ष रु.६२,६१,०८७।०० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४३,८२७।०० बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.३ **वित्तीय विवरण —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्।

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

• सुत्रको म.ले.प.फा.नं.२७२ ले देखाउने श्रेस्ता अनुसार बैक बाँकी रकम यथार्थ देखिदैन ।

• बैंक समायोजन विवरण तयार गरेको छैन ।यसले गर्दा बैक मौज्दात र श्रेस्ताको मौज्दात भिडान गर्न सकिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

• पालिकाले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन । पालिकाको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन। उल्लेखित कुराहरुमा सुधार गरी संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

• स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली प्रयोगमा रहे पनि सवै कारोवार शुत्रमा समावेश नगरेकाले सुत्रले यथार्थ वित्तिय अवस्था चित्रित गर्दैन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। ऐनले तोके वमोजिमका बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

## ३ एकिकृत आर्थीक विवरण

३.१ **स्थानीय संचित कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था अनुसूचीमा उल्लेख भए वमोजिम रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ सुत्रको म.ले.प.फा.नं. २७२ को अनुसूची २४ मा राजश्व बाँडफाड तर्फको रु.३,६१,०००।- आम्दानी घटी आम्दानी वाध्दा पनि मौज्दात रु.२,८९,७७,६५५।२१ रहेकोमा आयब्यय विवरणमा रु.२,७७,५५,१०१।६१ देखाईएको छ। खाता अनुसार मौज्दात देखाईएको छैन। हिसाव मिलान विवरण तयार गरी यथार्थ विवरण पेश गर्नुपर्दछ । साथै राजश्व बाँडफाड तर्फ रु.६,०६,०७,६३८।- आम्दानी भएकोमा रु.६,०२,४६,६३६।- आम्दानी देखाईएको छ। वाकी रु.३,६१,०००।- आम्दानी वाँधेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६१,००० |

## ४ आन्तरिक नियन्त्रण

४.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन-

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानिय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानिय राजस्व परामर्श समिती, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिती र बजेट तथा कार्यक्रम तर्जुमा समिती गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितीहरु गठन गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । साथै सहायक जिन्सी खाता खडा गरेको छैन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिका अन्तर्गत रहेको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।

• कार्यविवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता राखेको पाईएन।

• पालिकासँग एक्जाभेटर रहेकोमा इन्धन र मर्मत खर्च भएकोमा योजनागत रुपमा कति खर्च भयो भन्ने विवरण तयार गरेको छैन । साथै उक्त एक्जाभेटर भाडामा लगाए वापत आम्दानी भउको नदेखिएकाले पालिकाले के कति आम्दानी गरेको हो सो को अभिलेख राखेको देखिएन ।कार्यालयले उपलव्ध मेशिनरीको अधिकतम प्रयोग गरी सो वापत प्राप्त आम्दानीको अभिलेख राख्ने तर्फ ध्यान दिनुपर्दछ ।

• पेश्की लेजर, व्यक्तिगत पेस्कीको विवरण खडा गरी अद्याबधिक गरी राख्नुपर्नेमा राखेको पाइएन ।यसले गर्दा पेस्कीको अद्यावधिक अवस्था यकिन गर्न सक्ने अवस्था छैन ।

• कतिपय योजनाहरुको लागत अनुमान तयार तथा स्वीकृती, नापी मूल्याकन, जाँच, स्वीकृती, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार, स्वीकृत जस्ता आधारभुत कार्य नभएको र उक्त कागजातमा मिति समेत उल्लेख नभएको पाइयो ।

• निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो। अतःयोजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन ।

• एक लाख भन्दावढीको मालसामान खरीद गर्दा सार्वजनिक खरीद नियमावलीको नियम ११ वमोजिम लागत अनुमान तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४

(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाकोसूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• तलवि प्रतिवेदन पारित नगरेको

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४.२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ५ बैङ्क हिसाब मिलान विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । नगरपालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा सुत्रको म.ले.प.फा.नं. २७२ को अनुसूची २४ मा राजश्व बाँडफाड तर्फको रु.३,६१,०००।- आम्दानी घटी आम्दानी वाध्दा श्रेस्ता अनुसार मौज्दात रु.२,८९,७७,६५५.२१ ।- रहेकोमा बैङ्क मौज्दात रु.५,२२,५५,७७७।३८ रहेको छ।हिसाव मिलन विवरण तयार गरी यथार्थ विवरण पेश गर्नुपर्दछ।

## ६ कानून निर्माण एवं कार्यान्वयन

६.१ **कानून र सञ्चालन स्थिति** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, २ वटा नियमावली, ८ कार्यविधि, ३ निर्देशिका गरी २१ कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

६.२ **न्यायिक समिति** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी शुन्य र यो बर्ष २५ वटा उजुरी परेकोमा १८ वटा उजुरी फछ्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६.३ **राष्ट्रिय भवन संहिता**— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवन संहिता

पालनालाई पालिकाले कार्यान्वयनमा ल्याएको देखिएन । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ । नक्सापासलाई तदारुकताको साथ कार्यान्वयनमा ल्याईनुपर्दछ।

७ **योजना, बजेट तथा कार्यक्रम तर्फ**

७.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७.३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।साथै पालिकाले सभाबाट स्वीकृत कार्यक्रम र प्रदेश सरकार तथा अन्य प्रदेश कार्यालयबाट संचालित पालिका क्षेत्र भित्रको योजना तथा कार्यक्रममा दोहोरो परे नपरेको यकिन गर्न संचालित योजना तथा कार्यक्रमको दोहोरो नपर्ने गरी अभिलेख राखेको नदेखिएकोले लगत राखी दोहोरो पर्नबाट जोगाउनुपर्दछ ।

७.४ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ

। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।९ मा रु. ४९ करोड ३८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । राजस्वतर्फको बजेट अनुमान गरेको पाईएन ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ

७.५ **योजना र कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ।पालिकाको यस वर्ष विभिन्न योजना संचालनको लागि बजेट व्यवस्था गरेकोमा पालिकाले दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको र अधिकांश कच्ची वाटो र कम महत्वका योजना छनौट गरी रकम खर्च गरेको देखिन्छ। दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरणगरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना छनौट गरी सञ्चालन हुनुपर्दछ।

## ८ कार्यक्रम कार्यान्वयन नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ १ मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले अनुसुचि २ को ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गर्नुपर्ने तथा नियम ३६ (२) मा प्रगती कम हुनाको कारण समिक्षा गर्नुपर्ने उल्लेख छ । युनिसेफ अन्तरगत वाल संरक्षण सेवाको लागि रु.३०,०००। र वालश्रम मुक्त वडा घोषणा सहयोग कार्यक्रमको लागि रु.२५,०००। विनियोजन भएकोमा दुवै कार्यक्रम कार्यान्वयन नगरेको तथा कार्यक्रम कार्यान्वयन हुन नसक्नाको कारण समिक्षा समेत गरेको छैन । कार्यक्रम कार्यान्वयन नहुदा वजेटले अपेक्षा गरेको प्रतिफल प्राप्त नभएको वालवालीको हक अधिकारको संरक्षण तथा जिवनस्तर सुधार र मानवअधिकारको प्रत्याभूती नभएकोले ध्यानकर्षण हुनु पर्ने देखिन्छ।

## ९ खरिद तथा योजना व्यवस्था

९.१ **बार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७ करोड ९० लाख ३८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य

गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

९.२ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

९.३ **योजनाविच तादाम्यता नभएको -** आयोजनाहरुको बिस्तृत अध्ययन प्रतिबेदन (DPR) तयारनै नगरी कार्यान्वयन गरेको पाइयो ।यसले गर्दा बजेटका आधारमा योजनाहरु बन्ने र विकासको आवश्यकता भन्दा पहुँचका आधारमा योजना छनौट हुने गरेको प्रव्रित्ति देखिन्छ ।अधिकांश पूँजीगत कार्यक्रमका योजनाहरु रु १ लाख देखि ५ लाख सम्मका रहेकाले योजनाहरुवाट बान्छित लाभ नहुने, उत्पादकत्व हासिल नहुने र पूर्वाधारको विकास भन्दा छरिएर साना कार्यक्रम संचालन हुँदा परिणाम शुन्य हुने अवस्था देखियो । सभाबाट स्वीकृत अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । कोटेशनबाट समेत कार्य भएकोमा निर्माण कार्यको च्यानेज उल्लेख नभएको र कामको विवरण समेत कतिपयमा उल्लेख नभएकाले काममा दोहोरोपन पर्ने सम्भावना समेत देखिन्छ । पालिकाले यस बर्ष योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम भएको सुनिश्चितता हुने गरी योजना तथा कार्यक्रम छनौट गरेको देखिएन। आर्थिक बर्ष २०७९।८० को योजना कितावमा विषय क्षेत्रगत कार्यक्रम,तथा संघिय तथा प्रदेश सरकारको अनुदानबाट सन्चालन हुने योजना तथा कार्यक्रमहरु समाबेश नगरेबाट योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम भएको छ भन्न सक्ने आधार देखिएन।कानुनको ब्यबस्था अनुसार योजना तथा कार्यक्रम छनौट गर्नुपर्दछ । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

९.४ **योजना संसोधन-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सभाबाट योजना तथा कार्यक्रम पास भई अख्तियारी दिएपछि सभाको निर्णय वेगर फरक योजना तथा फरक शीर्षकमा बजेट खर्च गर्न नपाउने व्यवस्था छ । सभाको निर्णयले योजना संशोधन गर्दा छनौट भएको योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसक्नाको उचित पुष्ट्याइ उल्लेख नगरी कार्यपालिकाको निर्णयले छनौट भएका योजनाको बिनियोजन भएको योजना कार्यान्वयन हुन नसक्नाको उचित कारण बेगर पुरै बजेट घटाइ योजना बैंकमा नरहेका नयाँ योजनामा बिनियोजन गर्नुपर्ने आधार बेगर बजेट बिनियोजन गरी खर्च गरेको देखियो । जसका कारण ऐनको प्राबधान अनुसार आय प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा, निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन अनुसार

पालिकाले योजना तथा कार्यक्रम स्विकृत गरी कार्यान्वयनका लागी प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिइ सकेपछि उचित कारण बेगर कार्यान्वयन नगर्नु उचित देखिएन । साथै योजना छनौटमा पदाधिकारीहरुको तजबिजी अधिकार प्रयोग भइ बास्तबिक जनताको आबश्कताको योजना कार्यान्वयन नहुने जोखिम रहन्छ। यस बर्ष पालिकाले पुँजिगत तर्फ ९ योजना तथा कार्यक्रममा बिनियोजन भएको रकम रु १ करोड ८४ लाख २४ हजार बजेट घटाइ ऐन विपरित योजना संसोधन गरी १० वटा योजना तथा कार्यक्रममा चालुबाट समेत रु ३ करोड ८ लाख ७६ हजार खर्च गर्ने कार्य नियन्त्रण हुन पर्दछ।

९.५ **खरिद कारवाही अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२)बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ। अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

९.६ **मौजुदा सूची तयारः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खन्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य बिशिस्टिकरणको आधारमा खरिद प्रकृया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरिय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनुपर्दछ ।

९.७ **मेयर हेल्थ तथा उपमेयरसँग लक्षित कार्यक्रम -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । नगर सभाले बार्षिक बजेट एकमुष्ट विनियोजन गरी मेयर हेल्थ कार्यक्रममा रु.२०,००,०००।०० लाख तथा उपमेयरसँग लक्षित कार्यक्रममा रु.१०,००,०००।०० गरी जम्मा रु ३०,००,०००।०० एकमुष्ट विनियोजन गरेको छ । बार्षिक एकमुस्ट वजेट विनियोजन गरि पालिकाले कार्यक्रम, योजना, कार्यविधि स्वीकृति बेगर यस कार्यक्रमबाट क्रमश रु.१७,१८,३०४।०० र

रु.१०,००,०००।०० गरी जम्मा रु.२७,१८,३०४।०० खर्च गरेको छ ।यस कोषवाट नगर प्रमुख तथा उपप्रमुखको तोक आदेशका आधारमा ज्येष्ठ नागरिकको स्वास्थ कार्यक्रम सञ्चालन, चालु प्रकृतिका खर्च, सामान खरिद, राहत तथा बाटो सरसफाईका कार्यमा खर्च गरेको देखिन्छ ।गरिएका खर्चहरु अधिकांशतः अनुत्पादक, पूँजी निर्माण नहुने क्षेत्र रहेको देखिन्छ । यसरी बजेट एकमुस्ट विनियोजन गरी वितरणमुखि कार्यमा खर्च गर्ने प्रबृत्तिलाई नियन्त्रण गर्नुपर्दछ ।

१० **प्रशासनिक खर्च**

१०.१ **विविध खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रु.४६,३७,५९६।०० यस वर्ष विविधतर्फ मात्र खर्च गरेको छ ।विविध खर्चहरु मध्ये अधिकांश खर्चको कार्यक्रमसँग भिडान हुने गरी अभिलेख नराखेकाले खर्चको अवस्था यकिन गर्न सक्ने अवस्था छैन ।यस्ता अनुत्पादक खर्चमा कटौती गर्नुपर्दछ । केहि उदाहरणहरु निम्नानुसार रहेका छन् ।

| भौ नं र मिती | व्यहोरा | भुक्तानी रु. |
|---|---|---|
| १८९।०७९।१२।१ | खाजा नास्ता वापत रोयल चौइस फर्मलाइ् भुक्तानी | ४१९३५४।०० |
| १९३।०७९।१२।२ | गाडि नविकरण तथा अन्य खर्च | ३५६०००।०० |
| २१९।०७९।१२।१२ | मर्मत आदेश अनुसार भुक्तानी | ३९०००।०० |
| ३६०।०८०।३।२४ | खरिद आदेश अनुसार भुक्तानी | ११३०५६।०० |

१०.२ **गाडि भाडा खर्च-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११(४) मा नगरपालिकाले स्थानिय यातायात रुट निर्धारण रुट अनुमति, खारेजि र भाडादर समेत निर्धारण गर्न सक्ने व्यवस्था छ । सार्वजनिक यातायात संचालन हुने राजमार्ग क्षेत्रका स्थानमा जान भाडाका सवारी साधन प्रयोग गरेको र सोको गाडि भाडा भुक्तानी गरेको पाइयो । पालिकाले एउटै स्थानमा जान समेत फरक व्यक्तिले फरक फरक भाडा भुक्तानी गरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन ।पालिकाको स्पस्ट प्रयोजन र आवश्यकताको विश्लेषण गरेर मात्र यस्ता खर्च गर्नुपर्दछ । साथै यस वर्ष गाडी भाडामा रु.२६,२६,५००।०० खर्च गरेको छ ।यस्ता अनुत्पादक खर्चमा कटौती गर्नुपर्दछ ।

१०.३ **इन्धन खर्च --** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष इन्धनमा रु.३४,८१,२६५।०० खर्च गरेको छ । इन्धन खर्चगर्दा सवारी लगवुक नभएको र सवारीको प्रयोजन र उद्देश्य खुलाउने गरेको छैन । साथै नगरप्रमुखको आदेशको आधारमा समेत इन्धनको ठेली वितरण गरिएको छ । आन्तरीक नियन्त्रण कार्यविधि तयार गरी यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१०.४ **आर्थिक सहायता —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले स्पष्ट

मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले रु.४,६०,०००।०० आर्थिक सहायतामा खर्च लेखेको छ । सो मध्ये साझा घर नेपाललाई रु. १,००,०००।०० आर्थिक सहायता दिएको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१०.५ **श्रोत उपयोगमा मितव्ययिता —** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धि मापदण्ड, २०७८ मा सरकारी श्रोतको प्रयोग गर्दा मितव्ययि ढंगवाट अधिकतम सदुपयोग हुने गरी गर्नुपर्ने उल्लेख छ।पालिकाले यस बर्ष पत्रपत्रिका तथा छपाइमा रु.१३,९३,८६६।०० खर्च लेखेको पाइयो । यस्ता खर्चमा मितव्ययिता कायम गरिनु पर्दछ ।

## ११ ननफाइलर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वासेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर दाखिला गरी करदाता Active रहनुपर्नेमा आन्तरिक राजस्व विभागको प्रोटलमा Pan search गर्दा करदाता देहाय बमोजिम अबधि देखि ननफाइलर देखिएको छ । नन्फाइलर करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुदा मू. अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| व.उ शि. न | भौचर नं | आपूर्तिकता | खरिद विवरण | विल रकम | मू अ कर |
|---|---|---|---|---|---|
| प्रदेश सरकार पूजिगत | १०/२०८०।३।१७ | नागार्जुन/ अकेला /शिव निर्मल जे.भि | सिमेन्ट छड जालि तार | ९५०६५६ | १२३५८५ |
| शसर्त चालु युनिसेफ | ५१/२०७९/१२/२८ | नागार्जुन/ अकेला /शिव निर्मल जे.भि | धारको सामान | १५९२४८ | २०७०३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४४,२८८ |

## १२ लागत अनुमान वेगर पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा कुनै व्यक्ति वा संस्थाले सरकारी कामको लागि पेश्कि लिनुपर्दा कुन कामको लागि के कति रकम चाहिनेहो त्यसको एकिन विवरण खुलाई निवेदन दिनुपर्ने र प्राप्त निवेदनका साथ संलग्न विवरणका आधारमा कार्यालय प्रमुखले सम्वन्धित कामको लागि आवश्यक पर्ने पेश्कि दिनुपर्ने उल्लेख छ । पालिकाले संरक्षण कार्यक्रम संचालन कार्यको लागि लागतन अनुमान र विवरण वेगर निवेदनका आधारमा पेश्कि उपलव्ध गराएको छ।

| व उ शि न | गो भौ नं | पेश्की लिने | प्रयोग | रकम | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| युनिसेफ शर्सत | ३०७/२०८०।३ ।१३ | लक्ष्मण वराल | जलवायु परिवर्तन तथा वाल संरक्षण कार्यक्रम संचालन | ८९८४४५ | कृयाकलापगत खुलाई पेश्की नलिएको |

१३ **खर्च व्यवस्था**

१३.१ **कन्टिन्जेन्सी खर्च अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन। नियमावलीमा व्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ।

१३.२ **परामर्शदाता खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डिपिआर लगायतको अध्ययन गरी प्रतिबेदन तयार गर्नुपर्दछ ।पालिकाले यसवर्ष देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिबेदन प्राप्त गरेको छ । यस्तो अध्ययन कार्य गराउदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपर्युक्त देखिएन । डि.पि.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पस्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिबेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा समेत गएको नदेखिएकाले खर्चको सार्थकता समेत देखिएन । उक्त डि.पि. आर कार्यको परामर्शदाताले तयार गरेको अध्ययन सर्वेक्षण प्रतिबेदन लेखापरीक्षणको क्रममा पेश नभएको रु.

| कार्य विवरण | परामर्शदाता | प्रयोजन | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| २२५।०७९ ।१२।२३ | इन्भारोम्न्टल कन्जरभेसन एण्ड सस्टेनेवल डेभ्लप्मेन्ट प्रालि | कृषि क्षेत्रलाई व्यवसायिक आधुनिकीकरणका लागी गुरुयोजना निर्माण | ५००००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

१३.३ **अनुत्पादक खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिका चालुतर्फवाट भौ नं ४ मिती ०७९।६।१२ वाट पालिकाभित्रका विद्यालय, वडा कार्यालय र शिक्षा, स्वास्थ जस्ता विषयगत शाखाहरुलाई लिंक गर्ने उद्देश्यले डाटा सेन्टर संभालन गरेको देखिन्छ । उक्त डाटा सेन्टरको २०७९।८० को वार्षिक नविकरण शुल्क (Annual Original Manafacture License Fee) वापत मेरो नेटवर्क प्रा. लि., लाजीम्पाट, काठमाण्डौलाई रु.१५,५२,०००।०० भुक्तानी दिएको छ

। उक्त प्रालिले लाईसेन्स नविकरण वापत मात्र शुल्क लिएको देखिएको र वार्षिक रुपमा कुनै सपोर्टिंग कार्य गरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । उक्त डाटा सेन्टर हाल सञ्चालनमा समेत रहेको नदेखिएकाले सो को प्रगतीको अवस्था यकिन गर्न सकिएन । डाटा सेन्टर रहेको भवन भत्किएकाले हाल सञ्चालनमा नरहेको पालिकाको भनाई रहेको छ । महंगो नविकरण शुल्कमा मितव्ययिता कायम गर्दै कामको प्रगतीको आधारमा भुक्तानी दिने पद्दती स्थापित गर्नुपर्दछ । साथै उक्त डाटा सेन्टर सञ्चालन भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,५२,००० |

१३.४ **राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता-** राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० को दफा ३ मा स्थनिय तहको प्रमुख वा निजले तोकेको खेलकूद विकास समितीको अध्यक्ष संयोजक रहने गरी स्थानिय स्तरमा रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना,सञ्चालन,व्यवस्थापन तथा निर्देशन गर्न समिती गठन गर्ने र उक्त समितीले विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको ब्यवस्था मिलाउने सोको लागी निश्चित मापदण्ड अनुसार लागत अनुमान स्वीकृत गरी दफा ९ वमोजिम खेलकूद सञ्चालन प्रक्रिया अनुसार सम्वन्धित सरोकारवालाहरुलाई सूचना सम्प्रेषण, सहभागी खेलाडी वा विद्यार्थीहरुको सहभागी फारम भर्ने लगायतका प्रक्रिया पुरा गरी खेलकूद सम्पन्न भएको ७ दिनभित्र तोकिएवमोजिमको ढाँचामा प्रगती प्रतिवेदन पेश गर्नुपर्ने ब्यवस्था छ।नगरपालिकाले कालिकोटको महावै गाउपालिकामा भएको राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिताको लागी शिक्षा अधिकृत श्री खेमराज शाहीलाई रु १० लाख पेस्की दिएकोमा भौ नं २८५।०८०।२।२४ वाट फछ्र्यौट गरी जम्मा रु १५,००,०००।०० खर्च गरेको छ । त्यस्तै भौ नं २८९।०८०।३।४ वाट खेलकुद प्रशिक्षक श्री जीवन बहादुर शाहीलाई खेलकुद सामाग्रि खरिदमा रु.५,९८,६०८।०० भुक्तानी दिएको छ ।साथै भौ नं ३१८।०८०।३।१९ वाट खेलकुद प्रशिक्षक श्री जीवन बहादुर शाहीलाई खेलाडी प्रशीक्षण सञ्चालन गरेवापत रु.५,९८,२००।०० भुक्तानी दिएको छ ।भौ नं १८७।०७९।१२।१ वाट विद्यालयलाई रनिंग शिल्ड व्यवस्थापन खर्च वापत रु.३,४८,०००।०० भुक्तानी भएको छ ।यसरी यस कार्यक्रममा रु.३०,४४,८००।०० खर्च भएकोमा यस्तो खर्चका लागी स्पस्ट मापदण्ड वेगर खेलाडीको लागी कपडा, औषधी, स्टेशनरी, गाडी भाडा, खाना-नास्ता, खेलाडीलाई प्रोत्साहन, स्वयंसेवक भत्ता, आयोजक तथा सहभागी विद्यालयलाई प्रोत्साहन जस्ता विषयमा खर्च भएको छ। लागत अनुमान समेत स्वीकृत नगरी कार्य गरेकाले खर्चमा मितव्ययिता र कार्यकुशलता प्रयोग गरेको देखिएन ।

१३.५ सुरक्षित नागरिक आवास कार्यक्रम - सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि, २०७५ को बुँदा नं ३ मा लक्षित बर्गको पहिचान गर्नुपर्ने, बुँदा नं ४ मा अनुसुची १ बमोजिमको अंक प्रदान गरी बढी अंक प्राप्त गर्नेलाइ लाभग्राहीको रुपमा छनौट गर्नुपर्ने, बुँदा नं ५ मा लाभग्राहीलाइ बैक खाता खोलि कार्य प्रगतिका आधारमा दुइ किस्तामा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले रु.१९,९६,७२२।०० को लागत अनुमान तयार गरी सिलवन्दी दरभाउपत्रको सूचना प्रकाशित गरि प्राप्त ३ दरभाउपत्रमध्ये कम कवोल गर्ने पञ्चकोशी कन्स्ट्रक्सन ज्वाला ट्रेडर्स एण्ड अर्डर सप्लायर्स को दरभाउपत्र रु.१८,६६,६११।०० को सम्झौता गरेको छ । भौ नं ३०।०८०।३।२० वाट रु.१८,६६,६११।०० भुक्तानी दिएको छ।साथै निम्न

भौचरवाट प्रतिस्पर्धा वेगर रु.२२,२६,२९२।०० सोझै खरिद गरेको पाईयो ।यसरी रु.४०,९२,९०३।०० को खरिद गरेकोमा उक्त जस्तापाता वितरण गरेको भर्पाई पेश भएन । वितरणका लागी नागरिक छनौटको आधार स्पस्ट नभएको र जडान गरिएको स्पस्ट प्रमाण पेश नभएको अवस्था रहेकोले सो को आधार स्पस्ट गरी सोको उपयोगको अवस्था यकीन हुने गरी प्राबिधिक मुल्यांकन गरी दोहोरोपन नहुने गरी अद्यावधिक अभिलेख राख्नुपर्दछ । सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि २०७५ वास्तविक रुपमा पाउनुपर्ने नागरिकले पाए नपाएको यकिन गरी कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.

| **भौ.नं. मिती** | **फर्मको नाम** | **रु.** |
|---|---|---|
| ३१।०८०।३।२१ | कमिफन रोज विक्रम निर्माण स्वा एण्ड पाँच भाई अर्डर सप्लायर्स | ४,८२,१७१।०० |
| १६।०८०।२।२३ | उपेन्द्र जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स | ९,६८,३७६।०० |
| २।०७९।६।१३ | विपिन ग्रिल फर्निचर उद्योग | ७,७५,७४५।०० |
| **जम्मा** | | २२,२६,२९२।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,९२,९०३ |

१३.६ **वाखा पकेट कार्यक्रम -** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने र चेकजाँच गरेर मात्र भुक्तानी गर्नुपर्ने ब्यबस्था छ। भौ नं १८३।०८०।३।२४ वाट वाखा पकेट कार्यक्रम अन्तर्गत वाखा प्रवर्दन कार्यक्रम संचालन उपभोक्ता समितीलाई रु.१७,५०,०००।०० भुक्तानी दिएको छ ।२०८०।३।१८ को कार्यपालिका प्रमुखको अध्यक्षतामा बसेको बैठकले ७ वटा फर्मलाई बाख्रा वितरण गर्ने निर्णय गरेको र पछि उक्त फर्महरुमध्येवाट वाखा प्रवर्दन कार्यक्रम संचालन उपभोक्ता समितीलाई वाखा खरिद गर्ने जिम्मेवारी दिएको छ ।बोयर क्रस बाख्राको प्रति केजी रु.१,५०० का दरले प्रति बाख्रा रु.४७,५००।०० का दरले ३३ वटा र बोयर क्रस बोकाको प्रति केजी रु.२,५०० प्रति वोकाको रु.१,२५,०००।०० दरले ४ वटा खरिद गरेकोमा सो को प्रतिस्पर्धा समितिले गराएको समेत देखिएन । फर्म छनौटको लागी सार्वजनिक सूचना प्रकाशन गरी माग संकलन गर्ने, वितरणका लागी नागरिक छनौटको आधार स्पस्ट गर्ने, बाख्रा वितरण पछि सो को अनुगमन गरी सो कार्यक्रमको विस्तार यकिन गर्ने कार्य गरेको पाईएन । विक्रेताले व्यवसायिक रुपमा बोयर जातको वाखा तथा बोका पालन गरेको पुस्टि हुने कागजात पेश भएन । वितरण गरेको बोयर वाखा तथा बोकाको शुद्दता परीक्षण समेत गरेको पाईएन ।यसले गर्दा यस्ता वितरणकारी कार्यहरु प्रत्येक वर्ष सञ्चालन हुने र अद्यावधिक अभिलेखको अभावमा दोहोरोपनको जोखिम हुने सम्भावना रहन्छ । यस्ता खर्चलाई व्यवस्थित गरी लागतमा अधिक मात्रामा नागरिक सहभागिता गराई सोको उपयोगको अवस्था यकीन हुने गरी अनुगमन तथा मुल्यांकन गरी दोहोरोपन नहुने गरी अद्यावधिक अभिलेख राख्नुपर्दछ । साथै वाखा खरिदमा उपभोक्ता

समितीका निम्न व्यक्तिलाई वाखा खरिद गर्न सुर्खेत गएको भनि खर्च लेखेको दैनिक भ्रमण भत्ता दिन मिल्ने आधार नदेखिएकाले असुल हुनुपर्ने रु.

| **नाम** | **रु** |
|---|---|
| कृषक श्री मिन बहादुर शाही | ९२५० |
| कृषक श्री शारदा बुढा | ९२५० |
| स्वास्थ प्राविधिक श्री कुल प्रसाद न्यौपाने | १०९५० |
| **जम्मा** | **२९४५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,४५० |

१३.७ स्यानिटरी प्याड - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले सिलवन्दी दरभाउपत्र वेगर २५६०० थान स्यानिटरी प्याड रु.१८,९४,६७१।०० (मु अ कर समेत) मा सोझै खरिद गरेको छ। स्यानिटरी प्याड खरिदमा आवश्यकता पहिचान वेगर अत्याधिक खरिद गर्दा सो को उपयोग नहुँदै सोको म्याद गुज्रने जोखिम रहन्छ ।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।वितरणको अभिलेख नराखी स्यानिटरी प्याड खरिद गरि भुक्तानी तथा जिन्सीमा खर्च जनाएकोमा विध्यालयगत तथ्याङ्क तथा विध्यालयले बुझेको भरपाई पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| **भौ. नं. मिती** | **फर्मको नाम** | **परिमाण** | **दर, मूअकर समेत** | **रु.** |
|---|---|---|---|---|
| ५६।०७९।१०।२९ | एभरेस्ट ट्रेड ईन्टरप्राईजेज | १३००० | ७५.१४५ | ९७६८८५ |
| १६३।०८०।३।२३ | एभरेस्ट ट्रेड ईन्टरप्राईजेज | १२४०० | ७४.०१५ | ९१७७८६ |
| **जम्मा** | | | | **१८,९४,६७१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,९४,६७१ |

१३.८ **औषधि खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा विस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक

निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि-शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति लगायतका विवरण भण्डारमा दाखिला गर्दा समेत खुलाउनुपर्दछ । अत- पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।पालिकाले रु.६,९२,९३७।०० को औषधि खरिद सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गरेपनि निम्नानुसार रु.६,४०,२४२।०० को औषधि सोझै खरिद गरेको पाइयो ।

| **भौ.नं. मिती** | **फर्मको नाम** | **रु** | **खरिदको प्रकार** |
|---|---|---|---|
| ७२।०७९।१२।३ र ३५२।०८०।३।२३ | ग्लोवल ड्रग सप्लायर्स | ६९२९३७ | सिलवन्दि दरभाउपत्र |
| २९६।०८०।३।८ पालिका चालु शीर्षक | आशिष फार्मेसी एण्ड मणिराम डिस्ट्रिव्यूटर्स | १४०२७६ | सोझै |
| १८।०७९।६।१२ पालिका चालु शीर्षक | आशिष फार्मेसी एण्ड मणिराम डिस्ट्रिव्यूटर्स | ४९९९६६ | सोझै |
| **जम्मा** | | **१३,३३,१७९** | |

यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन् ।

• आपुर्ति हुने औषधि डव्लु.एच.ओ. को सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिती, व्याच नं. र म्याद समाप्त मिती उल्लेख गरि सम्वन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा औषधि विक्रीको लागी होइन भन्ने खुलाएको प्रमाण समाबेश नभएको।

• आपूर्ति भएका औषधि एबम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्वन्धमा यकिन गर्न सकिएन

• औषधिको जिन्सि कितावमा आम्दानी बाध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनुपर्नेमा एकमुस्ट घटाउने गरेको ।

• पालिकाले विभिन्न स्थास्थचौकिहरुलाई औषधि वितरण गरेकोमा औषधिवाइज भिडान हुने विवरण तयार नगरेको र स्थास्थचौकिले वितरण गरेको विवरण पेश भएको छैन ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । औषधि खरिदमा आवश्यकता पहिचान वेगर अत्याधिक खरिद गर्दा सोको उपयोग नहुँदै म्याद गुज्रने जोखिम रहन्छ ।औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको

औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक बर्षको अन्तमा बाँकी रहेको औषधिहरुको जिम्मेवारी जिन्सि अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१३.९ **भ्रमण खर्च** - कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि कार्यालयले तोकेको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष अनुगमन तथा भ्रमणमा रु.८,९३,६००।०० खर्च गरेको छ । कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । कतिपय कर्मचारीको भ्रमण अभिलेख, काम र भ्रमण गर्ने स्थान समेत भ्रमण आदेशमा उल्लेख गरेको पाईएन ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित पालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्वन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

व्यवस्थित भ्रमण अभिलेखको अभावमा एउटै समयमा दोहोरो भ्रमण खर्च दावी हुन सक्ने र एउटा कर्मचारीले अर्को कर्मचारीको नाममा समेत दैनिक भ्रमण भत्ता लिनसक्ने जोखिम रहन्छ ।अतः स्पस्ट प्रयोजन र उद्देश्य बेगर अधिकांशत ७ दिनको समयावधी राखि भ्रमण खर्च भुक्तानी गरेको देखिएकाले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चको आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ गर्नेतर्फ सम्वद्द पक्षको ध्यान जानुपर्दछ ।

---

१४ संचित कोष दाखिला

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ

। पालिकाले संघिय शसर्ततर्फको रु.७५,७५,९९४।००, प्रदेश शसर्ततर्फको रु.१२,३२,५००।०० र प्रदेश विशेषतर्फको रु.१,९०,०००।०० समेत जम्मा रु.८९,९८,४९४।०० मिती २०८०।५।२५ मा संचितकोषमा दाखिला भएको छ ।

१५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.६९,०९,१९५।००, पुँजीगत खातामा रु.१,५८,५४,९३०।६१ समेत रु.२,२७,६४,१२५।६१ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

१६ **कम्युटर जेनेरेटर तथ्याङ्क र सोको प्रशोधनको**रास्कोट नगरपालिका युनिसेफ नेपालक र दिपक रोकाया हिरिसडक मुगु २०७९।।८।१४ मा भएको जलवायु उर्जा तथा वातावरण कार्यक्रम वास कार्यक्रम र वाल संरक्षण कार्यक्रम खानेपानी आयोजनाको तथ्याङ्क सकंलन र वालवालिकालाई शैक्षीक सामाग्रि वितरण प्रयोजन भएको संझौता अनुसार तथ्याङ्क सम्पादन कर्ता हिरिसडेकका दिपक रोकायाले खानेपानी सरसफाई तथा स्वच्छता आयोजनाको तथ्याङ्क संकलन तथा अद्यावधिक कम्युटर जेनेरेटर रिपोर्ट एवं संकलित तथ्याङ्कहरुको प्रशोधन कार्यको सम्पन्न प्रगती विवरण पेश गर्नुपर्ने उल्लेख छ । उल्लेखित कार्यको लागि प्रति खानेपानी आयोजना १०००० र कम्युटर जेनेरेटर तथ्याङ्क र सोको प्रशोधनको लागि एकमुष्ट ८००० दिने गरी सम्झौता भएकोमा लेखापरीणको क्रममा आयोजनाको खर्चको विवरण तथा प्रशोधित तथ्याङ्मा अन्तिम प्रतिवेदन पेश भएको छैन । सम्झौता अनुसारको प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७०,२४० |

१७ **धरौटी फिर्ता**

धरौटी फिर्ता गर्नुपर्दा सम्वन्धित ठेकेदार वा आपूर्तिकर्ताले मूल्यअभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेपछि भुक्तानि दिनु पर्ने उल्लेख छ। सो व्यवस्था विपरित कार्यालयले कर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि करको समायोजन प्रमाण वेगर निम्नानुसार धरौटी फिर्ता खर्च लेखेकोले मू.अ.कर समायोजनको गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ नं | फर्मको नाम | धरौटी फिर्ता रु |
|---|---|---|
| २ | आचार्य सर्जिकल सेन्टरको | २०००००।० |
| ३ | पञ्चदेवल निर्माण सेवा | २३७८०१।० |
| ३ | डाइमण्ड निर्माण सेवा | २१००००।० |
| ६ | विनोद फार्मेसी | ४००००।० |
| ७ | न्यौपाने इन्टरप्राइजेज एण्ड अर्डर सप्लायर्स | २२४५३८।० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१२,३३९ |

१८ **भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील भरपाई र कागजात अनुसार भुक्तानी दिन रित्त पुगे नपुगेको जाँच गरि यथेष्ट प्रमाण पुगेपछी भुक्तानी दिने व्यवस्था छ ।विपद व्यवस्थापन कोषवाट त्रिपाल, रेनकोट, छाता खरिद गरी जिवन मोवाइल्स फर्मलाई रु.४,६७,८१०।० भुक्तानी भएको छ। खरिद सामनको उपयोग तथा वितरण भए नभएको एकिन गर्न सकिएन। उक्त खरिद सामानको उपयोग तथा वितरणको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६७,८१० |

१९ **कट्टी कर रकम दाखिला प्रमाण**

आयकर ऐन, २०५८ को दफा ९० मा सेवाशुल्क भुक्तानी गर्दा कट्टि गरिएको कर रकम प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र विभागमा दाखिला गर्नुपर्ने ब्यवस्था छ। नगरपालिकाले निम्नानुसार कट्टी गरेको कर रकम दाखिला गरेको पाईएन।उक्त कर कट्टि रकम संघिय सघिय सञ्चित कोष दाखिला प्रमाण पेश हुनु पर्ने रु.

| शिर्षक | कर रकम |
|---|---|
| विविध कोष | २९७५५ |
| प्रकोप व्यवस्थापन कोष | १९५९० |
| जम्मा | ४९३४५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,३४५ |

२० **कार्यक्रम वेगर खर्च**

सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाका श्री हुकुम शाहिले गो भौ नं १२० बाट कार्यक्रम विना नै नितेश डिजिटल फ्लेक्स प्रिन्टवाट १९ वटा व्यानर खरिद गरेको भनि रु.१७,४००।० भुक्तानी दिएकोले हुकुम शाहिबाट असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,४०० |

२१ **वढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भरपाइ प्रमाण कागजात संलग्न गरी उपनियम १०बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने उल्लेख छ।पालिकाले लडेखोला देखि नौलाकाडासम्म सिचाइ कुलो निर्माण गर्न रु.२०,००,०००।० वजेट विनियोजन भएकोमा रु.२४,२२,६२६ को लागत अनुमान तयार गरी

कन्टेन्जेन्सि र लागत सहभागिताको अशं कट्टा गरी रु.१९,२०,०००।० दिने गरी उपभोक्ता समिति अध्यक्ष श्री तपेन्द्र वहादुर शाहीसंग सम्झौता भएको थियो । उपभोक्ता समितीले निर्माण कार्य सम्पन्न गरे पश्चाल नापजाचँ गर्दा रु.२१,२५,२४६।० को कार्य सम्पन्न भएको छ । सो अनुसार उपभोक्ता समितीलाई रु.१६,८७,४८८।० दिनुपर्नेमा रु.१७,०३,३९३।० भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको असुल गरि दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,९०७ |

२२ **लघु उधम विकास कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील भरपाई र कागजात अनुसार भुक्तानी दिन रित्त पुगे नपुगेको जाँच गरि यथेष्ट प्रमाण पुगपछी भुक्तानी दिने व्यवस्था छ । पालिकाले गरिवि निवारणका लागि लघु उधम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ वमोजिम लघु उधम विकास मोडेलमा नयाँ लघु उधमी सिर्जना गर्ने शिर्षकवाट गो. भौ.नं १२ मिति २०७९।६।१२ वाट रु.१,५८,०००।० खर्च लेखि परम्परागत माटोका भाडाँ वनाउने आधुनिक सिप विकासका लागि श्री हरि प्रजापति र श्री पदम मुखियालाई प्रशिक्षणहरु वापत रु.१,५०,०००।० भुक्तानि दिएको छ।उक्त तालिमको प्रभावकारीता सम्वन्धमा अनुगमन गरि प्रतिवेदन तयार गरेको छैन।कार्यक्रमको प्रतिवेदन तथा अनुगमन गरि प्रतिवेदन तयार पेश नहुदा प्रभावकारीता विष्लेषण गर्न सकिएन ।साथै हरि प्रजापति र पदम मुखियालाई सम्झौतामा उल्लेख नभएको यातायात खर्च र होटलवास भनि रु.८,०००।० भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

२४ **खरिद आदेश र दाखिला प्रतिवेदन विना भुक्तानी**

परम्परागत माटोका भाडाँ वनाउने आधुनिक सिप विकास कार्यक्रमको लागि प्रशिक्षण हरि प्रजापतिले गो भौ नं १५।२०७९।६।१२ वाट आवश्यक सामाग्री खरिद गरेको भनी रु.६१,०००।०विल राखेको तर खरिद आदेश र दाखिला प्रतिवेदन विना उक्त सामान खरिद गरेकोले खर्चको एकिन गरी प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,००० |

२५ **वढि भ्रमण भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ५मा तोकिएको श्रेणी र नियम ७ को उपनियम १ अनुसूचि २ अनुसारको दर वमोजिम भ्रमण भत्ता लिएको भुक्तानी गर्नु पर्नेमा विभिन्न कार्यक्रममा गएका कर्मचारीले सो कार्यक्रममा उपस्थिति भएको प्रमाण बेगर भुक्तानी भएकोले उक्त रकम सम्वन्धित व्यक्तिवाट असुल हुनुपर्ने रु.

| नाम | पद | कार्यालय | रकम |
|---|---|---|---|
| श्री हेम राज वम | सि.अ.हे.व | स्वास्थ सेवा कार्यालय,कालिकोट | रु ३५२०।० |

| | | | |
|---|---|---|---|
| श्री मिन व. विष्ट | सि.अ.हे.व | स्वास्थ सेवा कार्यालय, सान्नि त्रिवेणी गा.पा | रु १२७००।० |
| श्री कटक महत | जनस्वाथ्य अधिकृत | स्वास्थ सेवा कार्यालय,कालिकोट | रु १३७००।० |
| श्री कविराज न्यौपाने ( सम्झौता भन्दा वढी भुक्तानि भएको) | सि.अ.हे.व | तिलागुफा नगरपालिका | रु १७६० |
| | | | ३१६८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,६८० |

२६ **सम्झौतामा उल्लेख नभएको रिचार्ज खर्च भुक्तानी**

पालिकाले करार सम्झौतामा उल्लेख नभएको सञ्चार सुविधावापतको रकम रोजगार सेवा केन्द्रका प्रशान्त राज शाहीलाई रु.६,०००।०० भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

२७ **सम्झौमा उल्लेख नभएको स्थानीय भत्ता**

पालिकाले करार सम्झौतामा उल्लेख नभएको स्थानीय भत्ता खा.पा.स.टे श्री गणेश तिरुवालाई मासिक रु. ६,४६०।- का दरले १० महिनाको रु.६४,६००।- स्थानीय भत्ता उपलव्ध गराएकोले उक्त रकम निजवाट असूल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,६०० |

२८ **सुरक्षित गर्भपतन सेवा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील भरपाई र कागजात अनुसार भुक्तानी दिन रित्त पुगे नपुगेको जाँच गरि यथेष्ट प्रमाण पुगेपछी भुक्तानी दिने व्यवस्था छ । पालिकाले सुरक्षित गर्भपतन सेवा वापत भनी स्वास्थ्य चौकी फुकोटलाई प्रति व्यक्ति रु.८००। का दरले ७३ जनाको गर्भपतन गराएको भनी रु. ५८,४००।० भुक्तानी भएको तर उक्त व्यक्तिहरुको नामनामेसि लगायत नखुलेकोले खर्चको एकिन गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,४०० |

२९ **संघीय समपुरक अनुदान**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।९।२७ को परिपत्रमा आ.व. २०७९।८० मा स्थानिय तहमा संघीय समपुरक अनुदान अन्तर्गत सञ्चालन गरिने प्रस्ताव आब्हान सम्वन्धी

सूचनामा स्थानिय तहले कूल लागत अनुमानको ५० प्रतिशत ब्यहोर्नुपर्ने उल्लेख छ। नगरपालिकाले संघीय समपुरक अनुदान अन्तर्गत सञ्चालित देहायवमोजिम योजनाको परिपत्रमा उल्लेख भए (५० प्रतिशत लागत साझेदारी) भन्दा वढि रु.२,३९,७६२।- संघीय समपुरक अनुदानवाट खर्च लेखेको भएको पाईयो। परिपत्र विपरित संघीय समपुरक अनुदानमा ब्ययभार हुने गरी खर्च लेखेको रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| योजनाको नाम | कार्यसम्पन्न (कूल लागत) | संघीय समपुरक अनुदान भुक्तानी हुनुपर्ने | भुक्तानी हुनुपर्ने | वढि |
|---|---|---|---|---|
| ठेक्का नं.१-२०७९।८० ६ नं. वडा कार्यालय भवन निर्माण | ५१२९२५५ | २५६४६२८ | २६३३१८२ | ६८५५४ |
| ठेक्का नं.२-२०७९।८० ९ नं. वडा कार्यालय भवन निर्माण | ५३०४४२२ | २६५२२११ | २८२३४१९ | १७१२०८ |
| जम्मा | | | | २३९७६२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३९,७६२ |

३० **लक्ष्य प्रगती**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

३१ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रु. हजारमा

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४२५० | २२०९६ | ९१.११ |
| २ | पूर्वाधार विकास | १४३०१२ | १२०३७१ | ८४.१७ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | २७१७६३ | २३१६८६ | ८५.२५ |
| ५ | सुशासन तथा अन्तर्सम्वन्ध क्षेत्र | २५८०० | १९१८२ | ७४.३५ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १२७२०८ | ९६५२८ | ७५.८८ |
| जम्मा | | ५९२०३३ | ४८९८६३ | ८२.७४ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थिक विकासमा सबैभन्दा बढी ९१.११ प्रतिशत र सुशासन तथा अन्तर्सम्वन्ध क्षेत्रमा सबै भन्दा घटीमा ७४.३५प्रतिशत रहेको छ ।

३२ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|
| १ नं.वडा कार्यालय भवन निर्माण परामर्श | जेनोलिथ ईन्जीनियरिङ कन्सल्टेन्सी | ३००००० |
| ६ नं वडा कार्यालय भवन निर्माण परामर्श | अनुगृहिता ईन्जीनियरिङ कन्सल्ट विल्डर्स एण्ड सप्लागर्स | ४००००० |
| ९ नं वडा कार्यालय भवन निर्माण परामर्श | भर्टेक्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३४७००० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

३३ **संघीय शशर्तः पूजीगत**

३३.१ **जेनेरेटर ढुवानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९को उपनियम ५मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने विल भरपाई प्रमाण कागजात संलग्न गरी उपनियम १०बमोजिम रित पुगे पुगे नपुगेको चेकजाँच गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ। नगरपालिकाले जि.के.ग्रुप अफ कम्पनी,वीरेन्द्रनगर ,सुर्खेतवाट रु.९,९८,०००।- मा २ R१०४०,२०KVA, 1phase जेनेरेटर खरिद गरेकोमा भौ.नं.२८-२०८०।३।१७ वाट विराटनगर देखि नेपालगंज सम्म करकट्टि पछिको रु.८९,१००।- र नेपालगंज देखि रास्कोटसम्मको करकट्टि पछिको रु.८९,१००।- गरी कूल रु.

१,७८,२००।- उक्त जेनेरेटर ढुवानी वापत भनी खर्च लेखेको पाईयो । सुर्खेतमा किनेको सामानको नेपालगंज देखि सुर्खेत सम्मको ढुवानी भाडा नगरपालिकाले यकिन गरी विराटनगर देखिको ढुवानी भाडा भुक्तानी गरेको सम्वन्धमा नगरपालिकाले यकिन गरी असुल फछ्र्यौट गर्नुपर्ने देखिन्छ। विराटनगर देखि नेपालगंज सम्म करकट्टि पछिको रु.८९,१००।- ढुवानी भाडा भुक्तानी गरेको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८९,१०० |

३३.२ **अन्नपूर्ण (वडरुख) आ.वि.भवन निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितीले सम्झौता वमोजिमको निर्माण कार्यसम्पन्न भएपश्चात नगरपालिका प्राविधिकवाट जाँचपास गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने उल्लेख छ। नगरपालिकाले अन्नपूर्ण (अन्नपूर्ण) आ.वि.भवन निर्माण उपभोक्ता समिती र नगरपालिकावीच अन्नपूर्ण (वडरुख) आ.वि.भवन निर्माण कार्य ३४,३८,७७३।- मा कार्यालयवाट रु.२७,५०,०००।- व्यहोर्ने गरी २०८०।३।२० भित्र सम्पन्न गर्ने गरी २०७९।११।१२ मा सम्झौता भएकोमा प्लाष्टरको काम सम्झौतामा उल्लेख भएकोमा पनि उक्त कार्य वेगर कार्यसम्पन्न प्रतिवेदन जारी गरी भौ.नं.३२-२०८०।३।२१ वाट रु.२६,६०,२८९।-भुक्तानी गरेको पाईयो। निर्माणकार्य सम्पन्न नभई फाईनल वील पेश गर्ने उपभोक्ता समिती तथा कार्यसम्पन्न प्रतिवेदन जारी गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

## ३४ चौमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो चौथो | |
| पुँजीगत खर्चतर्फ | १७९०३८ | १०३७६ | ३५६३८ | १३३०२२ | ९०३८५ |
| प्रतिशत | १०० | ५.७९ | १९.९ | ७४.३१ | ५०.४८ |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१७करोड ९०लाख ३८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१ करोड ३ लाख ७६ हजार(५.७९ प्रतिशत), दोस्रो चौमासिकमा रु. ३करोड ५६लाख ३८ हजार (१९.९० प्रतिशत) र तेस्रो चौमासिकमा रु.१३ करोड ३० लाख २२ हजार (७४.३१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९करोड ३ लाख ८५ हजार (५०.४८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३५ **सार्वजनिक परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७घ(३) मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सन्चालन र मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने व्यहोरा अधिकांश सम्झौतामा समावेश गरेको देखिएन । साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा सूचना टाँस गर्नुपर्ने र काम कारवाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्नुपर्ने प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।

३६ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार कुल १३३ योजनामा वजेट विनियोजन गरेको छ।

| योजना सङ्ख्या | रु.५० लाखमाथिका योजना सङ्ख्या | रु. १० लाखदेखि ५० सम्मका योजना सङ्ख्या | रु.५ लाखदेखि १०सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|
| १३३ | ८ | ७० | १० | ४५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३७ **निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागी सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामाग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, ढुंङ्गा र सिमेन्टको गाहो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेन्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नुपर्दछ ।

३८ **नगरपालिका पूँजीगत**

३८.१ **वढि भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा खरिद सम्झौता बमोजिम सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै विजकको भुक्तानी गर्दा वील,भर्पाई,प्राविधिक मूल्याङ्कनमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।गाउँपालिकाले हुरुण्डेकको प्राविधिक सहयोगमा भौं.नं.२८-२०८०।३।२४वाट थोल्म खानेपानी तथा सरसफाई योजना सम्पन्न गर्ने कार्यको थोल्म खानेपानी तथा सरसफाई उपभोक्ता समिति,हेल्भेटास नेपाल र नगरपालिकाको संयुक्त लगानी रु.६८,२९,४०१।- मा नगरपालिकाको योगदान रु.१५,२८,११८(२२.३७ प्रतिशत) रहने गरी २०७९।७।१ मा २०८०।३।३१ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा नापी किताव,उपभोक्ता वील तथा कार्यसम्पन्न प्रतिवेदनमा रु.५९,३०,६३८।— को कार्य भएको उल्लेख भएकोमा सम्झौता वमोजिम सम्पन्न भएको कार्यको नगरपालिका योगदान रु. १३,२७,०१५।-उपभोक्ता समितिलाई भुक्तानी हुनुपर्नेमा नगरपालिकाले २०८०।३।२४ वाट रु.१४,२५,२०३।- भुक्तानी गरेकोले रु.९८,१८८।- वढि भुक्तानी गरेको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९८,१८८ |

३८.२ **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा दश लाख रुपैया सम्मको मालसामान सोझै खरिद गर्न सकिने र दफा ८४ मा स्वीकृत खरिद योजना अनुसार वीस लाख रुपैया सम्मको मालसमान सिलवन्दी दरभाउपत्र आब्हान गरी खरिद गर्न सकिने उल्लेख छ ।तर नगरपालिकाले भौ.नं.४५-२०७९।११।२९ वाट यु.पि.भि.सि. पार्टेशन (१२४२ वर्गफूट)र ढोका(२०२ वर्ग फूट) मध्यपश्चिमाञ्चल यु.पि.भि.सि उद्योगवाट रु.१६,९५,३३९।—को फर्निचर तथा फिक्चर्स शिर्षकवाट सोझै खरिद गरेको पाईयो। नियमावलीमा भएको ब्यवस्था विपरित सोझै खरिद गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,९५,३३९ |

३८.३ त्यसैगरी नगरपालिकाले सवारी साधन खर्च शिर्षकवाट २ थान मोटरसाईकल(Hero Pluse २००) गोविन्द ट्रेड सप्लायर्स वाट रु.९,१२,०००।- तथा न्यु बुलवुले अटो सेल्सवाट १ थान (XR-१५० L) मोटरसाईकल रु.६,६२,१३२।- गरी ३ थान मोटरसाईकल रु.१५,७४,१३२।- मा सोझै खरिद गरेको पाईयो। नियमावलीमा भएको ब्यवस्था विपरित सोझै खरिद गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,७४,१३२ |

३९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

३९.१ स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री

रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा २२ योजना सञ्चालन गरी यस वर्ष १७१ जनालाई औसत ९९.७७ दिनले १७०६१ दिन रोजगारी उपलव्ध गराई रु.१,२०,१०,६६०।- श्रमिक ज्याला खर्च गरेको छ । नगरपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३९.२ त्यसैगरी मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिका अन्तर्गत ९ योजना सञ्चालन गरी यस वर्ष २४४ जनालाई औसत ३९ दिनले ९५२७ दिन रोजगारी उपलव्ध गराई रु.८३,५३,३७९।- श्रमिक ज्याला खर्च गरेको छ । नगरपालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ४० **तलवी प्रतिवेदन**

शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को २.१ मा क्रियाकलाप नँ. २.७.१३.१०को वुदा २.१ (क)मा दरवन्दी मिलानवाट कायम भएको दरवन्दी, शिक्षक अनुदन कोटा(राहत) र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकका लागी राष्ट्रिय किताबखाना(शिक्षक)वाट तोकिएको ढाँचामा तयार पारिएको स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय ईकाई मार्फत राष्ट्रिय किताबखाना(शिक्षक)वाट पारित गराई सोको आधारमा विद्यालयको माग फारम वीच भिडान गराई अनुदान निकाशा दिनुपर्ने ब्यjस्था छ। तर गाउँपालिकाले उपलब्ध गराएको तलवी पे-रोल अनुसार सवैका लागी शिक्षा आधारभुत तह एवं माध्यामिक तह कार्यक्रम अन्तर्गत नगरक्षेत्र भित्रका स्वीकृत दरवन्दी भित्रका माध्यामिक तह शिक्षकको लागी २ विद्यालयलाई रु. १,०२,५९,७१६।- आधारभुत तह शिक्षकका लागि १४ विद्यालयलाई रु.३,५७,८७,६०५।- गरी कूल रु.४,६०,४७,३२१।- तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको पाईयो। कार्यक्रम कार्यान्वयन पुस्तिका तथा प्रचलित कानुन वमोजिम तलवि प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्दछ।

## ४१ **युनिसेफ**

४१.१ **युनिसेफ -** पालिकाले सरोकारवाला तथा विभिन्न विषयगत समितिहरु संग छलफल गरी नगर विकासको आवधिक योजना तर्जुमा गर्न विकिरण गौतमलाई परामर्शदाता नियुक्त गरी २०७९।८।२३ को सम्झौता अनुसार रु.१०,००,०००।- भुक्तानी दिएको छ । आतेजाते भ्रमण खर्च रु.३७,०००।० तथा १०.५ दिनको दैनिक रु.६,०००।- ले दैनिक भत्ता रु.६३,०००।० भुक्तानी दिएको छ। निजलाई छनौटको

आधार तथा पारिश्रमिक दैनिक रु.६०००।- निर्धारणको आधार उल्लेख गरेको छैन । तसर्थ छनौट तथा पारिश्रमिक निर्धारणको आधार पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६३,००० |

४१.२ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ मा रु १ लाख भन्दा वढीको खरिदमा लागत तयार गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५ र १०) रित प्रकृया र यथेष्ट प्रमाण कागजानतका आधारमा भुक्तानी गरि खर्च लेखाङ्कन गर्नुपर्ने उल्लेख छ । पालिकाले वाल संरक्षण कार्यक्रम सञ्चालन प्रशारण गर्न प्रस्तावना लागत अनुमान तथा कार्यक्रम सञ्चालन एवं प्रशारण कार्य तालिका वेगर २०७९।९।१ देखि २०८०।३।३१ सम्मको लागि उज्यालो कर्णाली मिडिया प्रालिलाई रु.१,००,०००।० तथा २०७९।११।१ देखि २०८०।३।३१ सम्म प्रशारण गर्न प्रदेश आवाज ९४ मेगाहर्जलाई रु.५०s०००।- गरी रु.१,५०,०००।० भुक्तानी दिएको पाइयो । पेश भएको खर्चको फाटँवारीमा प्रशारण तालिका प्रशारण सामाग्रि तथा सम्झौता पेश हुन नआएकोले पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

४२ **शिक्षाः शशर्त चालु**

४२.१ **शैक्षिक तथ्यांक -** नगरपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७९/८० मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ ।नगरपालिकाले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७९ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब. २०७९/८० मा भएकोमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा नगरपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा नगरपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन

४२.२ **वढि निकाशा -** शिक्षा ऐन,२०५३ अनुसार विद्यालयमा हाजिर भएर काम गरेको अवधिको तलव खर्च लेख्नुपर्नेमा नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार निकाशा दिएको देहायको विद्यालयका निम्न शिक्षकलाई अन्यत्र सरुवा तथा अवकाश भएकोमा कार्यरत अवधिभन्दा वढि समयाधिको तलव भुक्तानि भएको रु.१,६४,८५८।- असुल गर्नुपर्ने रु.

| क्र. सँ | शिक्षकको नाम | विद्यालयको नाम | सरुवा/अवकाश मिति | मासिक तलव सुविधा | निकाशा दिनुपर्ने (दूर्गम भत्ता कटाएर) | निकाशा दिएको | वढि रकम रु. |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | नरनाथ योगी (प्रा.वि.द्धितिय) | मालिका आ.वि. | २०८०।१।२५ | ५८५०३ | ३९११५ | ५६४६३ | १७३४८ |
| २. | सन्तराज शाही (प्रा.वि.द्धितिय) | कालाशिल्ला मा.वि., | २०८०।२।३ | ५९००३ | ५५२६५ | ७४५०१ | १९२३६ |
| ३. | नन्दकृष्ण वराल (प्रा.वि.द्धितिय) | सरस्वती आ.वि. | २०८०।२।९ | ५८७०३ | ६६६७७ | ७४३५७ | ७६८० |
| ४. | कौशा कुमारी सहकारी | कालिका आ.वि.(सरुवा) | २०८०।२।१० | ४१३६२ | ४७०६४ | ६६२१८ | १९१५४ |
| ५. | ऋषिराज उपाध्याय (प्रा.वि.तृतीय ) | कालिका आ.वि.(सरुवा) | २०८०।२।१२ | | | ८६५०५ | १६९८७ |
| ६. | मिमराज फडेरा (प्रा.वि.तृतीय ) | कालाशिल्ला मा.वि.,(सरुवा भई आएकोमा २०८०।३।१। देखि हाजिर भएकोमा ) | २०८०।३।१ | ४५०५२ | ४१०१४ | १२५४६७ | ८४४५३ |
| जम्मा | | | | | | | १६४८५८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,८५८ |

४२.३ राष्ट्रिय किताबखानावाट पारित तलवी प्रतिवेदन अनुसार शिक्षक तलव निकाशा लेख्नुपर्नेमा परिक्षण गरिएका मध्ये वडिमालिका मा.वि.का देहायका शिक्षकलाई पारित तलवी प्रतिवेदन भन्दा फरक ग्रेड राखि निकाशा हुदा रु.९४,५६२।-वढि गेड निकाशा भएको पाईयो ।पारित तलवी प्रतिवेदन भन्दा वढि निकाशा असुल गर्नुपर्ने रु.

| शिक्षकको नाम | मासिक भुक्तानी हुनुपर्ने ग्रेड | दर | वढी(वार्षीक) रु. |
|---|---|---|---|
| नि.मा.वि. प्रथम वलप्रसाद न्यौपाने | श्रावण चैत्र ४ | १५२९ | ७९५०८ |
| | वैशाख आषाढ ५ | | |
| नि.मा.वि.तृतीय तपराज न्यौपाने | श्रावण चैत्र ५ | ११५८ | १५०५४ |
| | वैशाख आषाढ ६ | | |
| जम्मा | | | ९४५६२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,५६२ |

४२.४ **शैक्षिक सुधार कार्यक्रम -** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नँ. २.७.१३.१३ को ९.१२मा विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वयन योजना अनुसार शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षीक पूर्वाधार, छात्रावास व्यवस्थापन, शैक्षीक सुशासनका न्युनतम शर्त पुरा गर्ने लगायत भौतिक पूर्वाधार विकासका लागी विनियोजित वजेटको कार्यप्रगती सहित आवश्यक वजेट सहितको प्रस्ताव विद्यालयवाट पेश गर्न लगाई यस आ.व.मा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानिय तह र विद्यालयवीच सम्झौता गरी अनुसूची ग र घ मा उल्लेखित विद्यालयका लागी रु. ५० लाख अनुदान उपलब्ध गराउन सकिने ब्यवस्था छ। कार्यविधि वमोजिम कार्यक्रम सञ्चालनका लागी विद्यालयलाई शुरुमा ५० प्रतिशत रकम उपलब्ध गराउने र विद्यालयवाट कार्ययोजनामा उल्लेखित कार्यक्रमहरुको कार्यप्रगतीको नियमित अनुगमन गरी सोका आधारमा वाकी ५० प्रतिशत रकम उपलब्ध गराउने र विद्यालयले सम्पादित कार्यको प्रगती स्थानिय तह तथा केन्द्रको शैक्षिक प्रविधि शाखामा नियमित उपलब्ध गराउनुपर्ने ब्यवस्था छ। शैक्षिक तथा ब्यवस्थापकिय कार्य योजनाका लागि नगरपालिकाले श्री वडिमालिका माध्यामिक विद्यालयलाई एकमुष्ठ ५० लाख अनुदान दिएको छ। नगरपालिकाले विद्यालयवाट कार्ययोजनामा उल्लेखित कार्यक्रमहरुको कार्यप्रगतीको नियमित अनुगमन गरी प्रतिवेदन गर्ने गरेको पाईएन। विद्यालयलाई नगरपालिकाले अनुदान दिएको रकमको आम्दानी खर्चको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी सझौम्ता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगती स्थानिय तह तथा केन्द्रको शैक्षिक प्रविधि शाखामा नियमित पठाउनुपर्दछ।

४२.५ **सामाजिक एवं आर्थिक लेखापरीक्षण-** नगरपालका अन्तर्गतका सामूदायिक विद्यालयलाई सामाजिक एवं आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचयपत्र ब्यवस्थापन,विद्यालय तथ्याङ्क ब्यवस्थापन,वुलेटिन प्रकाशन क्रियाकलाप सञ्चालन अनुदान निकासा भएकोमा उक्त विद्यालयहरुले समामाजिक एवं आर्थिक लेखापरीक्षण गराई नगरपालिकामा लेखारीक्षण प्रतिवेदन पेश गरेको देखिएन । तोकिए अनुसार लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

४२.६ **छात्रा तथा दलित विद्यार्यार्थी छात्रवृत्ती-** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नँ. ७.२.१.१ मा IEMIS मा प्रविष्टी भएको सँख्यालाई सत्यापन भरी विद्यार्थी सँख्या यकिन गरेर मात्र छात्रवृत्री अनुदान निकाशा गर्नुपर्नेमा सत्यापन भरी वास्तविक विद्यार्थी सँख्या यकिन गरेको पाईएन ।साथै विद्यालयका विद्यार्थीहरुलाई छात्रवृती अनुदान निकाशा गरेकोमा सम्वन्धीत विद्यार्थीलाई वितरण गरेको भर्पाई श्रेस्ता साथ सँलग्न गरेको पाईएन ।उक्त रकम वितरणको भर्पाई सँलग्न गरी श्रेस्ता ब्यवस्थीत गर्नुपर्दछ।

४२.७ **दिवा खाजा-** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नँ. ७.२.११.१ मा शैक्षिक सूचना ब्यवस्थापन प्रणाली(IEMIS) मा प्रविष्टी भएको प्राम्भीक वालविकासदेखि कक्षा ६ सम्मको विद्यार्थी सँख्यालाई आधार मानेर (कालिकोट जिल्लाका( स्थानिय तहले प्रति विद्यार्थी दैनिक रु.२० का दरले पहिलो त्रैमासको वजेट निकासा गर्ने र दोश्रो त्रैमासिक

देखि स्थानिय तहले विद्यालय भौतिक रुपमा चलेको दिन खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विद्यालय ब्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्यायकिन भएपछि मात्र थप अनुदान दिनुपर्ने,दिवा खाजाको ब्यवस्था गर्दा वजारवाट खरिद गरिएको जङ्कफूड नखुवाई ताजा र पोषलो दिवा खाजाका लागी स्थानिय कृषि उपजमा आधारित खाद्यान्न ,तरकारी ,दुध,दही,माछा-मासु,फलफुल लगायतका सामाग्रीहरु गरी खरिद गरिएका खाद्यान्नको परिमाण र वील भर्पाई तथा भएको खर्च विद्यलय ब्यवस्थापन समिती र खाजा ब्यवस्थापन उप समिती वाट अनुमोदन गर्नपर्ने तथा विद्यलयवाट गरिएको दिवा खाजा कार्यक्रमको स्थानिय तहवाट निरन्तर अनुगमन निरिक्षण गर्ने र दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या,विद्यार्थीको हाजिरी र प्रगती प्रतिवेदन विद्यालयमा दिवा खाजा कार्यक्रम भएको वास्तविक खर्चको यथार्थता यकिन हुने उल्लेख भएकोमा दिवा खाजामा रु.१,७४,३०,८००।- रकम निकाशा गरिएकोमा वालविकास केन्द्र तथा विद्यालयले IEMIS मा सत्यापन भरी विद्यार्थीको प्रमाणित यथार्थ संख्यात्मक विवरण ,स्थानिय कृषि उपजको प्रयोग,भएको खर्चको अनुमोदन,स्थानिय तहवाट हुनुपर्ने निरन्तर अनुगमन,विद्यार्थीको प्रमाणित हाजीरी तथा प्रगती प्रतिवेदन लेखापरिक्षणको क्रममा पेश भएन ।कार्यविधिको पालना गरी दिवा खाजा कार्यक्रमलाई ब्यवस्थित गराउने तर्फ नगरपालिको साथै सम्वन्धित सरोकारवालाहरुको ध्यान जानु पर्दछ।

४२.८ प्रथम चौमासिक निकाशामा निकाशा साथ संलग्न दिवाखाजा पाउने विद्यार्थी विवरणमा ४६१३ विद्यार्थी संख्या उल्लेख भएकोमा उक्त विद्यार्थीलाई ५१ दिनको प्रति विद्यार्थी रु.२० का दरले रु.४७,०५,२६०।- निकाशा हुनुपर्नेमा रु.४९५४,१४०।- निकाशा भएको छ। साथै दोश्रो चौमासिक निकाशा संलग्न दिवाखाजा पाउने विद्यार्थी विवरणमा ४५९८ विद्यार्थी संख्या उल्लेख भएकोमा उक्त विद्यार्थीलाई ८० दिनको प्रति विद्यार्थी रु.२० का दरले रु.७३,५६,८००।- निकाशा हुनुपर्नेमा रु.७७,१६,८००।— निकाशा भएको छ। निकाशा साथ संलग्न दिवाखाजा पाउने विद्यार्थी विवरणमा उल्लेखित भन्दा रु.६०८,८८०।— दुई चौमासिकमा गरी वढि निकाशा भएको छ। नगरपालिकाले उक्त चौमासिकको साथसाथै तेश्रो चौमासिकमा भएको दिवा खाजा निकाशा मध्ये यथार्थ तथ्य यकिन गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०८,८८० |

४२.९ **निशुल्क पाठ्यपुस्तक-** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागी प्रति विद्यार्थी लागतका आधारमा निशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउदा शैक्षिक सूचना ब्यवस्थापन प्रणाली(IEMIS) मा प्रविष्ठ तथ्याङ्कलाई स्थानिय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतवाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने,यकिन भएका विद्यार्थीका संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाव गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत विद्यार्थी संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा दोश्रो पटक अनुदान दिने,विद्यार्थीहरुले शैक्षीक सत्रको शुरुवातमा नै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने,

विद्यार्थीहरुले पाठ्यपुस्तक वुझेको भर्पाई विद्यालयले स्थानिय तहमा पेश गर्ने लगायतका विषयहरु उल्लेख गरेको छ। सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागी प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागी यस वर्ष नगरपालिकाले ३१ विद्यालयलाई शुरुमा रु.२७,४७,५९७।— निकाशा गरेकोमा नपुग पाठ्यपुस्तक वापत थप रु.११,७७,५४१।- गरी कूल रु. ३९,२५,१३८।-निकाशा खर्च लेखेको छ। नगरपालिकाले IEMIS मा सत्यापन भरी विद्यार्थीको प्रमाणित यथार्थ संख्यात्मक विवरण,स्थानिय तहवाट हुनुपर्ने निरन्तर अनुगमन, शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण तथा विद्यार्थीहरुले पाठ्यपुस्तक वुझेको भर्पाई लेखापरिक्षणको लागी छनौट गरिएका विद्यालयको माथी उल्लेखित सवै प्रमाण लेखापरिक्षणको क्रममा पेश भएन । कार्यविधिको पालना गर्ने गराउने तर्फ सम्वन्धित सरोकारवालाको साथै नगरपालिको ध्यान जानुपर्दछ।

४२.१० **थप पारिश्रमिक-** शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. १.१.४.१ मा आधारभुत तथा माध्यामिक तहमा सञ्चालन भएका विद्यालय सहयोगी कर्मचारी ,विद्यालय सहायक कर्मचारी र प्रारम्भीक वाल विकास शिक्षकको पारिश्रमिक क्रमश मासिक रु.८०००।-,रु.१३,५००।—र रु.१०,०००।- पारिश्रमिकका रुपमा अनुदान दिने र नेपाल सरकारले निर्धारण गरे वमोजिमको मासिक न्युनतम पारिश्रमिकमा उल्लेखित न्युनतम रकममा नपुग हुने रकम स्थानिय तहले ब्यवस्था गर्ने उल्लेख छ। माथी तोकिएभन्दा वढि पारिश्रमिक अनुदान शशर्त अनुदानमा समावेश गरेको छैन। तर नगरपालिकाले संघीय शशर्त अनुदानको चौथो त्रैमासिक निकाशामा कार्यक्रम पुस्तीकामा तोकिएको भन्दा थप गरी ३३ विद्यालय सहयोगी कर्मचारीलाई रु.५,४४,५००।-,४ विद्यालय सहायक कर्मचारीलाई रु.६०,०००।— र २१ प्रारम्भीक वालविकास शिक्षकहरुलाई रु.३,१५,०००।— गरी कूल रु.९,१९,५००।— पारीश्रमिक अनुदान निकाशा दिएको पाईयो।कार्यक्रम पुस्तिकामा भएको ब्यवस्था विपरित संघीय शशर्त शिर्षकवाट थप अनुदान निकाशा दिएको संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१९,५०० |

४३ **आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु**

४३.१ निम्न बमोजिमका आन्तरिक लेखापरीक्षणबाट औल्याइएका बेरुजुहरु लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नभएकाले फछ्र्यौट हुनुपर्दछ ।

४३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ को अनुसुची १ अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशत नवढ्ने गरि कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने व्यवस्था रहेको छ । नगरपालिकाले योजना कार्यान्वयन गर्ने क्रममा एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम खर्चवाट कन्टिन्जेन्सी रकम कट्टी गर्ने गरेको देखिएता पनि सो को कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरि राखु पर्नेमा राखेको देखिएन । यसवाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन।

नियमावलीमा व्यवस्था भए वमोजिम योजनागत कन्टिन्जेन्सि खर्चको अभिलेख राखि कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ भन्ने व्यवस्था रहेकोमा सो नगरपालिकाले रु.१९,८०,६०५।० घर भाडा , मसलन्द तथा कार्यालय सामान र मेशिनरी औजारमा रकम खर्च गरेको देखिन्छ । नगरपालिकाले वर्क चार्ज, स्टाप खर्च, सानातिना अन्य खर्च र फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सो नगरपालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने कार्यविधि स्विकृत नगराई रु.१९,८०,६०५।० खर्च गरेको देखिएकाले नियम विपरित खर्च गरेको रकमलाई नियमित गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | १९,८०,६०५ |

४३.३ आयकर ऐन, २०५८ तथा सालवसाली आर्थिक ऐन वमोजिक अग्रिम रुपम कर कट्टि गरी सम्वन्धित व्यक्ति/ फर्मको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरिदिन पर्ने व्यवस्था छ । नगरपालिकाले स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमवाट टि. डि .आर. मैगलदिप जे भि लाई रकम भुक्तानी गर्दा अग्रिम कर ETDS रु ६६,३६१।० वरावरको रकम नगरपालिकाले सम्वन्धित फर्मको नाममा ETDS गर्नुपर्नेमा PAN मा सोझै भुक्तानी गरेको पाईएकोले सम्वन्धित फर्मको नाममा मात्र ETDS गर्नुपर्दछ

## ४४ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

**लगत अभिलेख -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्कृिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभ ग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा व्यक्तीगत घटना दर्ताको सूचकको जनाकारी तथा अभिलेख माग गरेकोमा पेश नभएकोले लगत अद्यावधिक भए नभएको एकिन गर्न ससकिएन ।

**पारदर्शिता** -- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानियतहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा

गाउँपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। पालिका बाट निकासा गरीएको भत्ता यथार्थपरक छ भन्न सकिएन ।

**सार्वजनिक सुनुवाई** -- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरू मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा वडा समितिले उल्लिखित कार्य गरेको पाइएन।

## ४५ म्याद नाघेको पेश्की

आर्थीक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा नियम ५० मा कुनै आर्थीक वर्षमा गएको पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने ब्यवस्था छ। नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार हालसम्म रु.२५,९०,०००।- पेश्की फछ्र्यौट नभई बाँकी रहेको छ। सो मध्ये यस वर्ष म्याद नाघेको देहाय वमोजिमको पेश्की रु.८,३९,०००।- नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु.

| भौ.नं. | पेश्की लिनेको नाम | विवरण | रकम |
|---|---|---|---|
| ३३-२०७९।६।१३ | भानुभक्त वराल | कार्यालय ब्यवस्थापन | ५०००० |
| ४-२०७९।६।१२ | मोतीराम माध्यामिक विद्यालय | युनिसेफ कार्यक्रम | ७८९००० |
| जम्मा | | | ८३९००० |

| | |
|---|---|
| पेश्की | ८,३९,००० |

## ४६ सम्पत्ति व्यवस्थापन तर्फ

४६.१ **सार्वजनिक जग्गा संरक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।

४६.२ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष

जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

४६.३ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार खरिद गरिएका सम्पूर्ण जिन्सि सामानहरु दाखिला गर्ने प्रवन्ध गर्नुपर्दछ । साथै जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

४६.४ **विद्यालयको जिन्सि व्यवस्थापन -** विद्यालय लेखांकन दिग्दर्शन, २०७६ को खण्ड ८ मा जिन्सि मालसामान तथा सम्पत्ति व्यवस्थापनको बारेमा उल्लेख छ । विद्यालयको जिन्सि मालसामान भौतिक सम्पत्तिहरुको सुरक्षाको व्यवस्था गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिती र प्रधानाध्यापकको हुने, विद्यालयले आफुसँग भएका सबै जिन्सि मालसामान तथा सम्पत्तिहरुको अभिलेख राख्दा खर्च भएर जाने र नजाने मालसामान वा सम्पत्तिको अभिलेख छुट्टाछुट्टै राख्ने, यस्ता मालसामानहरुको अभिलेखका लागी छुट्टाछुट्टै पानामा लेखांकन गर्नुपर्ने र सो को अभिलेखांकन अनुसूचि ३ को फाराम नं ३२ अनुसार हुने व्यवस्था गरेको छ । पालिका अन्तर्गतका विद्यालयहरुको लागी पालिकाबाट हस्तान्तरण भएका खप्ने मालसामानहरुको दाखिला प्रतिवेदनमा जिन्सि खातापाना नं १ राखि पालिकामा पेश गर्ने गरेको पाइयो । यसरी पालिकाबाट बर्षैपिच्छे मालसामान विद्यालयलाई खरीद विलको आधारमा अनुदान दिने र पालिकाबाट जिन्सि अभिलेख राखे नराखेको सम्वन्धमा अनुगमन गरेको देखिएन । जसबाट विद्यालयको सम्पत्ति संरक्षण र उपयोग सम्वन्धमा विश्वसनीय

आधार भएन । यस सम्वन्धमा पालिकाबाट आवश्यक छानविन गरी जिन्सि श्रेस्ता अद्यावधिक गराई सम्पत्तिको संरक्षण गराउनुपर्दछ ।

४७ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरुलाई अनुदान खर्च लेखेको छ। कार्यालयबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४८ **ठेक्का व्यवस्था**

४८.१ **ठेक्का अभिलेखः-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४८.२ **विड डकुमेन्ट -** वोलपत्र विक्रि, दाखिला रजिस्टर, पत्रिकामा सूचना प्रकाशन लगायतका विड डकुमेन्ट सम्वद्ध सम्पूर्ण कागजात व्यवस्थित ढंगले राखेको पाइएन । यसले गर्दा मागेका वखत आवश्यक कागजात पेश नहुँदा बोलपत्रको छनौट प्रकृयामा यकिन गर्न सक्ने अवस्था छैन । साथै पालिकाले सार्वजनिक खरिद अनुगमन कार्यालयले तोके अनुरुपको बिड डकुमेन्ट र सम्झौताको कागजातको प्रयोग गरेको समेत पाइएन ।पेश भएका बोलपत्रमध्ये सवैलाई मूल्यांकनमा समाबेश नगर्नुका कारण पालिकाको मूल्यांकन प्रतिबेदनमा खुलासा गर्ने गरेको समेत देखिएन । यसले गर्दा वोलपत्रको छनौट प्रकृया भरपर्दो र विश्वसनिय देखिएन

४८.३ **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

४८.४ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने

र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले ठेक्काहरुको म्याद समाप्त भएपनि म्याद थप गरेको छैन । निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | निर्माण व्यवसायी | सम्झौतारकम | सम्पन्नगर्नुपर्ने शुरु मिति | हाल सम्मको भुक्तानी | म्याद थप अवधि |
|---|---|---|---|---|---|---|---|
| NCB Works - ४/०७९.८० | रास्कोट खानेपानी निर्माण आयोजना | ०७९।१०।१८ | सिरिसा निर्माण सेवा | ११२४६९५० | ०८०।३।१५ | ५६९६४५९ | म्याद थप नभएको, कार्य सम्पन्न नभएको |
| NCB Goods- १/०७९.८० | आईटी सामाग्रि आपूर्ति तथा जडान | ०७९।१०।२४ | साईवरनेटिक्स प्रा लि | ९२९९१०९ | ०७९।११।२५ | ८४१७७०९ | म्याद थप नभएको, कार्य सम्पन्न नभएको |
| NCB Works - ३/०७७.७८ | रास्कोट नगरपालिकाको प्रशासकिय भवन | ०७८।२।७ | डि डि आर मंगलदिप जेभी | ३३९३८२२४ | ०८०।२।७ | ३१२७९१०७ | म्याद थप नभएको, कार्य सम्पन्न नभएको |
| NCB Works - ६/०७७.७८ | १५ बेडको अस्पताल, रास्कोट | ०७८।८।२९ | धुलिखेल निर्माण सेवा प्रालि | १५७१०४७२४ | ०८०।८।३० | ५७०८६२७८ | कार्य सम्पन्न नभएको |

पालिकाले उपलव्ध गराएको विवरण अनुसार योजनाको कार्य सम्पन्न नभएको र म्याद समेत थप नभएको पाईयो ।सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ । उल्लेखित ठेक्का सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

४८.५ NCB Goods-१/०७९.८० वाट आईटी सामाग्रि आपूर्ति तथा जडानका लागी रु.१,१३,०६,९६२।०० लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरिएकोमा ७ फर्मले वोलपत्र दाखिला गरेकोमा सवभन्दा कम कवोल गर्ने साईवरनेटिक्स प्रालि छनौट भई २०७९।१०।२४ मा रु.९२,९९,१०९।०० मा ठेक्का सम्झौता गरेको छ ।कार्यलयले खरिदपूर्व आवश्यकता पहिचान र प्रयोग स्पस्ट नगरी i७ ल्यापटप ५ वटा, i५ ल्यापटप ११ वटा, प्रिन्टर १ वटा, स्मार्ट वोर्ड १८ वटा, लेड टीभि ४१ वटा, 4K क्यामरा १ वटा, अप्टिकल फाईवर ८ हजार मीटर, एकिकृत सिपियु सहितको प्रोजेक्टर १ सेट समेतको लागत अनुमान

तयार गरी बोलपत्र सम्झौता गरेकोमा अन्य सामान प्राप्त भएकोमा रु.७,८०,०००।०० कवोल भएको अप्टिकल फाईवर हालसम्म प्राप्त भएको देखिएन । अप्टिकल फाईवर वाहेक अन्य सामाग्रि प्राप्त भएको विजक संलग्न गरी भौ नं १८ मिती ०८०।२।२५ वाट प्रथम रनिंग विल वापत रु.८४,१७,७०९।०० भुक्तानी भएको छ ।गुणस्तरिय शिक्षाका लागी विद्यालयलाई उपलव्ध गराउन खरिद गरेको भनिएपनि कुन कुन विद्यालयलाई उपलव्ध गराउन खोजिएको हो, हालसम्म कुन कुन विद्यालयमा उपरोक्त सामाग्रि अद्यावधिक रुपमा रहेका छन् , उक्त सामाग्रि विद्यालयको आवश्यकतासँग मेल खान्छ खादैन जस्ता विषयको विश्लेषण वेगर खरिद गरिएकाले उक्त सामाग्रिको व्यवस्थित प्रयोग हालसम्म हुन सकेको देखिएन । अप्टिकल फाईवरको अभावमा उक्त सम्झौताको कार्यसम्पन्न भएको अवस्था मान्न नसिकने हुँदा अप्टिकल फाईवर जडान गरी कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,१७,७०९ |

४९ **सोझै खरिद**

सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) बमोजिम ५ लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरीद गर्न सकिने तथा सोही नियमावलीको नियम ८५(१ख) वमोजिम एक आर्थिक वर्षमा एक पटक वा पटक पटक गरी पाँच लाख भन्दा वढीको खरीद गर्न नसकिने व्यवस्था गरेको छ।पालिकाले स्थानिय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कर्णाली पाईलट अन्तर्गत ६ आयोजनामा यसवर्ष खर्च गरेको छ ।कर्णाली प्रदेशका १५ पालिकामा संचालित यस कार्यक्रममा यस रास्कोट पालिकामा पालिकाले रु.७२,००,०००।०० र यस कार्यक्रमको दातृ निकाय विश्व खाद्य कार्यक्रम (WFP) ले रु.१,७९,५१,६८१।०० व्यहोरी जम्मा रु.२,५१,५१,६८१।०० खर्च भएको देखिन्छ । प्रस्तावित १२ योजनामध्ये कार्यपालिकाले ८ वटा आधार वनाई ६ योजना छनौट गरी कार्यान्वयन गरेको छ ।

छनौट भएका ६ वटै योजनाका लागी भौ नं ३१।०७९।९।२८ वाट आर पी अर्डर एण्ड सप्लायर्सवाट रु.८,७१,६७६।०० मा हाते औजार खरिद गरेको छ । कार्यालयको विवरण अनुसार योजनाका लागी आवश्यक सामाग्री (Material) निम्न फर्महरुवाट खरिद गरी उपभोक्ता समितीलाई उपलव्ध गराएको र सवै योजना निर्माणको कार्य (ज्याला) उपभोक्ता समितीवाट गराएको देखिन्छ ।उपभोक्ता समितीलाई सामाग्री उपलव्ध गराएकोमा कति सामाग्री खपत भयो भन्ने योजनावाईज देखिने विवरण तयार गरेको छैन ।सामाग्रि खरिद गर्दा नियमानुसार एकमुष्ठ खरीद योजना बनाई बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा ८ वटा टुक्राटुक्रा पारि कोटेशनको माध्यमवाट रु.७८,५६,४७० सोझै खरिद गरेको छ । खरीद नियमावलीमा भएको व्यवस्था विपरित खरीद कार्य गर्दा प्रतिस्पर्धात्मक खरीद कार्य हुन सकेको छैन । खरीद कार्य गर्दा नियमावलीको व्यवस्था वमोजिम गर्नुपर्दछ।साथै नियमावली विपरित तोकिएको सीमा भन्दा वढी हुने गरी पटक पटक सोझै खरीद कार्य गर्ने कार्य अनियमित भएको रु.

| **गो भौ र मिति** | **भुक्तानी पाउने** | **योजनाको नाम** | **जम्मा भुक्तानी** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६०।०७९।१२।२३ | उपेन्द्र जनरल स्टोर | कुलिवाड नहसेरा सिचाई योजना र वालुखेत छिप्खना सेरीज्युला सिचाई योजना | १८१०३१८ |
| ६६।०८०।१।२१ | टि एण्ड डि अर्डर सप्लायर्स | आर सी पी गहतु सेराचौर कृषि सडक मर्मत योजना | ८४८७३१ |
| ३७।०७९।११।१२ | आशिक अर्डर सप्लायर्स भिना साला निर्माण सेवा | डोग्राखोला पहिरो नियन्त्रण योजनार वालुखेत छिप्खना सेरीज्युला सिचाई योजना | १९८७०६९ |
| ८३।०८०।३।११ | चौलागाई जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स | रिठा सिचाई आयोजना | ९४८७५० |
| १००।०८०।३।२४ | रास्कोट ए आर पी अर्डर एण्ड सप्लायर्स | रिठा सिचाई आयोजना | ७१९४७८ |
| ६४।०८०।१।२० | विश्वविनायक इन्टरप्राईजेज प्रा लि | राताढुंगा देखि वाखरकोट कृषि सडक योजना | ९०७५२६ |
| ९८।०८०।३।२४ | कर्णाली निर्माण सेवा | कुलिवाड नहसेरा सिचाई आयोजना, डोग्राखोला पहिरो नियन्त्रण योजना र वालुखेत छिप्खना सेरीज्युला सिचाई योजना | ६३४५९८ |
| **जम्मा** | | | **७८५६४७०** |

| | |
|---|---|
| अनियमित भएको | ७८,५६,४७० |

५० **उपभोक्ता समिति**

५०.१ **उपभोक्ता समितिवाट कार्य -** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ मा रू १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था रहेको छ ।उपभोक्ता समिती दर्ता नहुने गरेका र गाउपालिकाले वित्तिय समानीकरण अनुदान तर्फका अधिकांश निर्माण कार्यहरु उपभोक्ता समितिबाट गराइएको छ । दीर्घकालिन सोच अनुरुप योजनाहरुको डिपिआर तयार गरी सो अनुरुप बजेट विनियोजन नगरी प्रत्येक वर्ष टुक्रा टुक्रा लागत अनुमान तयार गरी बजेट विनियोजन गर्ने गरिएको छ । यसले गर्दा एकातर्फ बजेट छरिएर प्रबाह हुँदा योजनाको प्रतिफल गुणस्तरिय ढंगवाट हासिल नहुने र अर्कोतर्फ खरिद ऐन तथा नियमाबलीको पालना हुन नसकेको अवस्था छ । निर्माण कार्यको गुणस्तर परीक्षण गरेको छैन ।भवन निर्माण समेतको कार्यलाइ बजेटको आधारमा बर्षेनि लागत अनुमानलाइ टुक्रा टुक्रा बनाइ लाभग्राहि समूहवाट भवन तथा संरचनाको निर्माण गरेको देखिन्छ । केहि उदाहरणहरु निम्नानुसार रहेका छन्।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १।०८०।२।२५ पूर्वाधार विशेष कार्यक्रम | सहिद स्मृति सामुदायिक भवन निर्माण उपभोक्ता समिती | भवन निर्माण | ५२,७७,६७१ |
| १२।०८०।३।२४ प्रदेश शशर्त | केतुकी प्रशोधन भवन निर्माण समिती | भवन निर्माण | ४७,६१,५७३ |

५०.२ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५०.३ **मर्मतसंम्भार-** नियम ९७ ३ (घ) मा उपभोक्ता समितिवाट सम्पन्न निर्माण कार्यको मर्मत संभार उपभोक्ता समितिले गर्नु पर्ने, उपनियम १० मा कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व समेत हस्तान्तरण उपभोक्तालाई गर्नुपर्ने उल्लेख छ ।यस पालिकाले उपभोक्ता समिति मार्फत संञ्चालन गरीएका निर्माण कार्यहरू कुनैपनि हस्तान्तरण गरेको नदेखिएको र गत विगतमा कार्य सम्पन्न गरीएका कार्यहरूको उपभोक्ताले मर्मत संम्भार पनि गरेको देखिएन ।कानुनत तोकिएको अवस्था सम्झौतामा समावेस गरी लाभग्राही वा उपभोक्ता समितिले संचालन गरेका योजनाहरू सोही उपभोक्ता समिति बाट मर्मत सम्भार र रेखदेख गर्ने व्यवस्था गरी स्थानीय उपभोक्तालाई स्वामित्व हस्तान्तरण गरी हरेक वर्ष मर्मत संम्भारमा बढ्दै गएको सरकारी खर्चलाई नियन्त्रण गरीनु पर्दछ।

५०.४ **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने कुनैपनि सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

५०.५ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको

हुँदा प्राविधिकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । केहि उदाहरणहरु निम्नानुसार रहेका छन्

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १।०८०।२।२५ पूर्वाधार विशेष कार्यक्रम | सहिद स्मृति सामुदायिक भवन निर्माण उपभोक्ता समिती | भवन निर्माण | ५२,७७,६७१ |
| १२।०८०।३।२४ प्रदेश शशर्त | केतुकी प्रशोधन भवन निर्माण समिती | भवन निर्माण | ४७,६१,५७३ |

५१ **उपभोक्ता समितिद्वारा सञ्चालित योजना सम्वन्धमा**

५१.१ **जनश्रमदान-** उपनियम (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको मुल्याङ्कन, बिल भरपाई र खर्च गर्ने अन्य कागजात समितिवाट अनुमोदन गराई पेश गर्नुपर्ने र उपनियम(११) अनुसार सम्वन्धित निकायवाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरीएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाबाट संञ्चालित अधिकांस कार्यहरू उपभोक्ता समितिबाट गराएको र समितिले जनसहभागिता जुटाएको कुनै प्रमाण पेश गर्ने गरीएको छैन। प्राविधिक मुल्याकनमा देखाईएको रकम मध्ये नगरपालिकावाट व्यहोर्ने रकम कटाई बाँकी रकम मात्र श्रमदान भनी उल्लेख गर्ने गरीएको छ । उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा सम्झौतामा तोकिए अनुसार जनश्रमदान जुटाई सोको अभिलेख राख्नुपर्दछ ।

५१.२ **अधुरो भवन निर्माण कार्य -** सार्वजनिक निकायले सार्वजनिक श्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण गर्दा पालिकाको जग्गा वा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा निर्माण गर्नुपर्ने, आवश्यकता र प्राथमिकताको आधारमा योजना संचालन गर्ने र योजनाको प्राथमिकिकरण गर्नुपर्नेमा पालिकाले नक्सापास नगरी, आंशिक रुपमा योजना तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई, आंशिक मात्र निर्माण गर्दा पछि वेवारिशे हुनसक्ने एबं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल नगरेको, त्यस्ता संरचना विगतमा अन्य सरकारी एबं गैरसरकारी निकायको लागत सहभागितामा रहेको अवस्थामा त्यस्ता निकायसँग समन्वय गरेको अभिलेख नराखेको, भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनुपर्ने एबं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिती गठन गरी उपभोक्ता समिती मार्फत कार्य गराएको कारण सामुदायिक भवन, मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एबं कम्पाउण्डवालको निर्माण गुणस्तरिय छन् र प्रकृया पारदर्शिता छ भन्न सकिने अवस्था छैन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइंग, डिजाइन, नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चितता गरी एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चितता गरी पर्याप्त अनुगमन र सम्वन्धित क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने गरी निर्माण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५१.३ **जटिलसंरचना निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् -

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १।०८०।२।२५ पूर्वाधार विशेष कार्यक्रम | सहित स्मृति सामुदायिक भवन निर्माण उपभोक्ता समिती | भवन निर्माण | ५२,७७,६७१ |
| १२।०८०।३।२४ प्रदेश शशर्त | केतुकी प्रशोधन भवन निर्माण समिती | भवन निर्माण | ४७,६१,५७३ |
| **जम्मा** | | | **१,००,३९,२४४** |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५१.४ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन -

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| १२।०८०।३।२४ प्रदेश शशर्त | केतुकी प्रशोधन भवन निर्माण समिती | भवन निर्माण | ४७६१५७३ | डोजर | ५६५००० |

## ५२ शिक्षा तर्फ

५२.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रको निर्देशन अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्इङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडिमालिका नमूना माध्यमिक विद्यालय भवन निर्माणको लागी सूर्य निर्माण सेवासँग वोलपत्र सम्झौता गरेको तर विद्यालयको नाममा रु.१,०१,००,०००।०० लाख निकासा गरेको छ । भवन निर्माणका लागी सूर्य निर्माण सेवासँग विद्यालयले रु.८६,१६,७२९।०० को सम्झौता गरेको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात उक्त विद्यालयले पालिकामा पेश गरेका छैन । तसर्थ भवन निर्माणको कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.

| **भौनं र मिती** | **विद्यालयको नाम** | **निकासा प्रयोजन** | **निकासा रु.** |
|---|---|---|---|
| २९।०८०।३।२० | वडिमालिका नमूना मावि | भवन निर्माण क्रमागत | १,०१,००,०००।०० |

यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८६,१६,७२९ |

५२.२ उक्त वडिमालिका नमूना माध्यमिक विद्यालय भवन निर्माणका लागी पालिकाले रु १,७१,०९,६५६।०० को लागत अनुमान तयार गरी बोलपत्र सूचना प्रकाशन गरेकोमा प्राप्त ८ वोलपत्रमध्ये सवभन्दा कम कवोल गर्ने सूर्य निर्माण सेवा छनौट भएकोमा उक्त निर्माण व्यवसायीको कवोल अंक रु ८६,१६,७२९।०० को २०७९।१०।१० मा सम्झौता गरेको छ । तर विद्यालयको नाममा रु.१,०१,००,०००।०० लाख निकासा गरेको पाईयो । विद्यालयले गरेको ठेक्का सम्झौता भएको भन्दा पालिकाले रु.१४,८३,२७१।०० बढी अनुदान भुक्तानी गरेकाले विद्यालयवाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,८३,२७१ |

५२.३ **विद्यालय अनुगमन** - यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्

• पालिकाले सार्वजनिक विद्यालयहरुको अनुगमन मापदण्ड निर्धारण गर्नुपर्नेमा निर्धारण गरेको देखिएन ।

• पालिकाको क्षेत्राअधिकार भित्र रहेको निजी विद्यालयहरुको अनुगमन गर्न तथा व्यवस्थापन गर्न मापदण्ड तयार गरि अनुगमन गर्नुपर्नेमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।

• पालिकाले सार्वजनिक विद्यालयहरुको गुणस्तर मापन गर्न विभिन्न मापदण्ड तयार गर्नुपर्नेमा पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।

५२.४ **शैक्षिक प्रतिवेदन -** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ । नगरपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।

## ५३ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## ५४ मुख्य मन्त्री रोजगार कार्यक्रम

५४.१ **अनुगमन-** कर्णाली प्रदेश मुख्य मन्त्री रोजगार कार्यक्रम सन्चालन कार्यविधि, २०७८ को दफा १७ मा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बिषयगत मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग, जिल्ला समन्वय समिति, सम्बन्धित स्थानिय तह र बिषयगत कार्यालयले कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने ब्यबस्था छ ।यस बर्षका योजना सम्बन्धित स्थानिय तह बाहेक कार्यबिधिले तोकेका निकायबाट अनुगमन मुल्यांकन गरी प्रतिबेदन दिएको देखिएन। कार्यबिधि अनुसार कार्यक्रमको पारदर्सिता र प्रभावकारीकताका लागी अनुगमन हुनुपर्दछ ।

५४.२ **सहभागिताः** कर्णाली प्रदेश मुख्य मन्त्री रोजगार कार्यक्रम सन्चालन कार्यबिधि, २०७८ को दफा ५ मा आयोजना छनौट गर्दा स्थानियस्तरमा सृजना हुने रोजगारी तथा स्थानिय सामाग्रीको प्रयोग युवा, महिला, दलित र बिपन्न समुदायको रोजगारी प्रबर्द्धन हुने अधिकतम प्रतिशतको लागत साझेदारी हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले यस बर्ष छनौट गरेका योजनामा उक्त लागत साझेदारी सुनिश्चित हुने आधार, गत विगतमा कार्य भएको अभिलेख, तथ्यांक तथा लगत राखेको देखिएन। यसले गर्दा कार्यमा दोहोरोपन नभएको र अपेक्षित नतिजा प्राप्त भएको छ भन्न सक्ने अवस्था छैन ।दफा ४ मा योजना माग गर्दा र कार्यान्वयनमा एकाघर परिबारका तथा सो ब्याक्तिले अन्य आयोजना माग गर्न

नपाउने ब्यबस्था रहेकोले छनौट भएका योजनाका लाभग्राही लक्षित समुहका र एकाघरका नभएको एकिन गर्ने आधार तय गर्नुपर्दछ।

५५ **विपद् व्यवस्थापन**

५५.१ **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।

५५.२ **वार्षिक प्रतिवेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

५६ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता प्रणाली व्यवस्थित गर्न, सामाजिक सुरक्षा कार्यक्रममा प्रभावकारीता ल्याउन तथा नियमन गर्न नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ लागु गरेको छ । सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् -

• कार्यविधिमा उल्लेख भए झै लाभग्राहीहरुको मूल अभिलेख एम आइ एस मा अद्यावधिक गरी सो अभिलेख अनुसार भत्ता वितरणको लागि निकासा माग गर्नु पर्ने सोही अभिलेख अनुसारको वितरण फाराम प्रिन्ट गरी वितरण भरपाइको रुपमा एम आइ एस प्रणाली प्रयोग गरेको देखिएन ।

• सामाजिक सुरक्षा भत्ताको पारदर्शिताको लागि पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण बसाइँ सराइ र मृत्यु जस्ता विषयहरु सार्वजनिक गर्नुपर्नेमा सार्वजनिक गरेको देखिएन ।

• कार्यविधीको बुँदा ३४ अनुसार स्थानिय तह तथा वडा समितिले सामाजिक सुरक्षा कार्यक्रमको सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नु पर्नेमा सो गरेको देखिएन ।

• यस कार्यक्रमको कार्यप्रकृयाको नियमित अनुगमन तथा नीरिक्षण भएको देखिएन ।

• लाभग्राहिले खाता निस्कृय भएपश्चात बैंकवाट रकम झिक्न नसक्ने व्यवस्था गर्नुपर्नेमाःपालिका अन्तर्गत कति निस्कृय खाता छन् भन्ने विवरण पेश नभएकाले यकिन गर्न सकिएन ।

• नगरपालिकाले वार्ड समितिले प्रत्येक त्रैमाससिक रुपमा कम्तिमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्वन्धमा सार्वजनिक सुनुवाईवाट प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्न नसकिने खालका स्थानिय तह कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा नगरपालिकाले कुनै वडा समितिले यस सम्वन्धमा नागरिक सुनुवाईको कार्यक्रम संचालन गरेको पाइएन । नगरपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ ।

• कार्यविधीको बुँदा ११ मा प्रणालीवाट लगत कट्टा गरी स्थानिय तहको मूल अभिलेखमा जनाउनुपर्ने व्यवस्था रहेको छ । लेखापरिक्षणको क्रममा मुल लगत अभिलेख पेश नगरेकोले नगरपालिकाले मुल लगत अभिलेख तयार गरी अध्यावधिक गर्नुपर्दछ ।

• कार्यविधीको बुँदा १० अनुसार भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसुची ३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडामा राख्नुपर्नेमा सो को पालना भएको पाइएन ।

• पालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट जम्मा भएको विवरण प्राप्त भएको समेत देखिएन। यसले गर्दा अनुदान निकासा भएको रकम पालिकाले पुरै खर्च लेखेको तर वास्तविक लाभग्राहीलाई वितरण भई बाँकी रकम फिर्ता नै नभएको देखिएकाले Reverse Feed प्राप्त गरी हिसाव यकिन गर्नुपर्दछ । पालिकाले २०७८ श्रावणबाट बैंकिंग प्रणालीमा गएको तर पहिलो त्रैमासिककै Reverse Feed प्राप्त नभएकाले लाभग्राही सबैले खाता खोले नखोलेको, लाभग्राहीको खातामा रकम जम्मा भए नभएको, बैंक स्टेटमेन्ट उपलव्ध नभएको र फिर्ता प्राप्त हुनुपर्ने रकम यकिन गर्न सक्ने अवस्था छैन । उक्त हिसाव यकिन गरी समयमै संघिय सरकारको राजस्व खातामा रकम फिर्ता गर्नुपर्दछ ।

कार्यविधिले व्यवस्था गरेका उपरोक्तमा उल्लेखित व्यहोराहरु पालना नभएको हुँदा सामाजिक सुरक्षा भत्ता खर्च यथार्थ र विश्वसनीय रहेको भन्ने आधार रहेन । कार्यविधीका व्यवस्था पालना गरी सामाजिक सुरक्षा वितरण कार्यलाई पारदर्शि तथा व्यवस्थित गर्नुपर्दछ ।

५७ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा १२ जना नियुक्त गरी तलव भत्ता रु. ५५,९३,१८७।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५५,९३,१८७ |

५८ **मोविलाईजेशन पेस्की**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ ५ वमोजिम खरिद सम्झौता भएपछि सार्वजनिक निकायले त्यस्तो समिति वा समुदायलाई सम्झौता रकमको वढिमा एक तिहाई रकम सम्मको अग्रिम रुपमा पेश्कि दिन सक्ने व्यवस्था छ । सार्वजनिक निकायले त्यसरी दिएको पेश्किको अन्तिम किस्ता भुक्तानी गर्नु अघि फर्छयौट गरि सक्नु पर्ने छ भनेता पनि नगरपालिकाले एकिकृत स्वास्थ पूर्वाधार विकास कार्यक्रम शिर्षकबाट धुलिखेल निर्माण सेवा प्रा.लि लाई रु.२,७६,००,०००।० पेश्कि दिएकोमा रु.५,००,०००।० फर्छयौट गरेको देखिएकोले बाँकी पेस्की रु.२,२६,००,०००।० रहेको छ । पेस्की फछर्यौट गर्नुपर्दछ ।

५९ **कर दस्तुर**

५९.१ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छ एकिन गर्न सकिएन । वडाहरुको म्यानुअल पद्दतिवाट राजस्व संकलन गर्ने गरेको पाइयो ।कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

५९.२ **व्यवसाय कर सम्बन्धमा -** स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नविकरण शुल्क वापत कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गर्नुपर्दछ । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सम्पूर्ण व्यवसायीको अध्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनुपर्दछ।

६० **धरौटीतर्फ**

कार्यालयमा धरौटीको गत वर्षको वाँकि, यो वर्षको आम्दानी, फिर्ता र वाँकिको अभिलेख राखिएको छैन । व्यक्तिगत धरौटि खाता र गोश्वारा धरौटि खाता पूर्ण रुपमा राखिएको छैन । यसवाट कार्यालयको धरौटी खाताको यथार्थ विवरण यकिन हुन सकेन ।

६१ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले आफ्ना पालिकामा भएका कृयाकलापहरुको अनुगमन गर्न सहज होस् भनेर स्थानिय पदाधिकारी तथा सुविधाहरुको सुविधा सम्वन्धि ऐन, २०७५ को अनुसुची १ ले

नगरपालिकाका प्रमुख, उपप्रमुख तथा सदस्यहरुलाई मासिक एकमुस्ट रकम उपलव्ध गराइने व्यवस्था गरेको छ । नगरपालिकाका पदाधिकारीहरुले जिल्लाभित्रको आन्तरिक भ्रमणको समेत अनुगमन भत्ता लिने गरेको पाइएकाले यस्ता सुविधाहरु नियन्त्रण गर्नुपर्दछ ।

६२ **आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु - निम्न बमोजिमका आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेरुजुहरु लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट नभएकाले फछ्र्यौट हुनुपर्दछ ।**

६२.१ **असुल गर्नुपर्ने व्यहोरा**

• भौ नं ६।०७९।६।१२ बाट नगरपालिकामा श्रम रोजगार बैकमा कुनैपनि श्रमिक नभएको अवस्थामा श्रम रोजगार बैक अध्यक्ष लाई भने नियमित रुपमा तलव सेवा सुविधा दिइएको देखिएकोले श्रम रोजगार वैक अध्यक्ष पदम वहादुर खडका को नाममा गइरहेको सेवा सुविधा रोकी दिइएको सेवा सुविधा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१३,२९६ |

६२.२ **प्रमाण पेश गर्नुपर्ने व्यहोरा** - भौ नं ५४।०७९।८।१६ बाट उपमेयर संग लक्षित कार्यक्रम शिर्षक मार्फत कार्यक्रम संचालन गरी रकम भुक्तानी दिइएकोमा कार्यक्रम संचालन गर्न कार्यालय संग कुनै पनि प्रकारको सम्झौता नभएको र कार्यक्रम सम्पन्न गरेको प्रमाणीत गर्ने कागजात पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

६२.३ **अनियमित व्यहोरा** - सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८५ को उपनियम (१) मा रु १० लाख सम्मको कारोवार सोझै खरिद गर्न सकिने र नियम ८५ को उपनियम १(ख) मा कुनैपनि व्यक्ति कम्पनि वा फर्म लाइ एक आर्थिक बर्षमा उपनियम (१) र १(क) मा तोकेको सिमा भन्दा बढी रकमको सोझै खरिद गर्न पाइने छैन भनि व्यवस्था गरेको छ । भौ नं १२।०८०।१।२१ बाट नविकरणिय उर्जा प्रविधि जडान शिर्षक वाट जि के ग्रुप अप कम्पनि लाइ पालिकाको गो.भौ.न. ९१, ९२, १५३ र संघिय पुँजिको गो.भौ.न. १२ मा गरि जम्मा रु.२१,४७,८३२ रुपैया को कारोबार गरेको देखिन्छ । जि के ग्रुप अप कम्पनिले सार्वजनिक खरिद नियमावलिमा भएको नियम विपरित कारोबार गरेकोले नियमसंगत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | २१,४७,८३२ |

६३ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको

पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।रसिद नियन्त्रण खाता,राजश्व आम्दानी खाता नभएकोले नगरपालिकाको वास्तविक आम्दानी यकिन गर्न सकिएन। नगरपालिकको आम्दानी यथार्थ हुने गरी आन्तरीक आम्दानीको श्रेस्ता ब्यवस्तीत गर्नुपर्दछ।

६४ **महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा नराखेको**

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा विनियोजन, राजस्व धरौटी र अन्य कारोवारको लेखा महालेखानियन्त्रक कार्यालयले तर्जुमा गरी महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नु पर्ने व्यवस्था तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७को उपनियम२ मा सरकारी कारोवारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने साथै दफा ११(१) मा जिम्मेवार ब्यक्तिले प्रत्येक कारोबारको स्पष्ट देखिने गरी प्रचलित कानुनले तोके बमोजिमको रित पु-याई लेखा तयार गरी राख्नुपर्ने उल्लेख छ । कार्यालयले आन्तरिक आयको स्पष्ट देखिने गरी अभिलेख फारमहरु राखेको छैन।निम्नानुसारका महालेखापरीक्षकको फारमहरु स्वीकृत भएकोमा उक्त फारमहरु प्रयोग गरी अभिलेख राखेको छैन् । अभिलेख नराखिदा आन्तरिक आम्दानीको शीर्षकगत आम्दानी दाखिला र बाँकीको हिसाब जानकारी हुन सेकन ।

| महालेखापरीक्षकको फारम | फारम नम्बर |
|---|---|
| नगदी रसिद | १०१ |
| आम्दानी /राजश्वको दैनिक आम्दानी किताब | १०२ |
| आम्दानी /राजश्वको शीर्षकगत खाता | १०४ |
| आम्दानी /राजश्वको दैनिक गोश्वारा खाता | १०५ |
| राजश्वको दैनिक नगद प्राप्ती खाता | १०६ |
| आम्दानी /राजश्वको बैंक भौचर प्राप्त खाता | १०७ |
| आम्दानी /राजश्वको बैंक/नगदी किताब | १०८ |
| आम्दानी /राजश्वको बैंक हिसाव मिलानविवरण | १०९ |
| आम्दानी /राजश्वको शिर्षकगत आर्थिक विवरण | ११० |
| रसिद नियन्त्रण खाता | ९०४ |

६५ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले

आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६२५५२६००४ | ४४३८४३३ | ०.७१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.७१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६६ **आन्तरिक आय घटी दाखिला**

६६.१ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८.१मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ । दफा २८. (२) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने उल्लेख छ।निम्नानुसारले असुल भएको राजस्व दाखिला नगरेको , आँशिक दाखिला , गरेको तथा ढीलो गरि दाखिला गरेको पाईयो तसर्थ कानुन अनुसार व्याज र जरिवाना समेत असुल गर्नु पर्ने रु.

**[क** }वडा नं ४ आन्तरिक आय तर्फःवडा नं ४ का वडा सचिव प्रभुराज संज्यालले रु.५३,९९०।- राजस्व आय संकलन गरेकोमा रु.३०,०००।० मात्र दाखिला गरेको देखिएकोले घटी दाखिला गरेको रकम व्याज समेत असुल गरी दाखिला हुनुपर्ने रु.२३९९०।०

**[ख]**वडा नं ५ आन्तरिक आय तर्फःवडा नं ५ सचिव नवराज उपाध्यायले बुझि लिएको नगदी रसिदहरु मध्ये नगदी रसदि नंवर ५५१ देखि ६००सम्म रसिद थान ५० लेखापरीक्षणको लागि पेश नभएकोले उक्त रसिद दुरुपयोग हुने संभावना देखिएकोले छानविन गरी प्रयोगमा ल्याएको देखिएकमा व्याज र जरिवना समेत असुल गर्नुपर्दछ ।

**घटी दाखीला-** शाहीले असुल गरेको राजस्व रु.१,४८,४५९।० मध्ये रु.१,४७,५६४।- मात्र दाखिला गरेको देखिएकोले व्याज समेत असुल हुनुपर्ने रु.२,६९५।०

**[ग]**वडा नं ६ आन्तरिक आय तर्फः वडा नं ६ मा वडा सचिव भानुभक्त वराल वडा अध्यक्ष कपुर फर्साल ,वडा सचिव ऐन वहादुर शाही ,वडा सचिव चित्रा कुमारी कार्की, सवारी चालक अम्मलराज फर्साल तथा कार्यालय सहयोगी अम्मलराज फर्साल गरी ६ जनाले राजस्व संकलन गरेको देखिएको छ। वडा अध्यक्ष

कपुर फर्साल र कार्यालय सहयोगि छक्क फर्सालालाई समेत राजस्व संकलनको जिम्मेवारी दिएको देखियो । वडा कार्यालयको नीति निर्माण गर्ने,योजना कार्यन्वयनको रेखदेख अनुगमन गर्ने वडा अध्यक्ष कपुर फर्सालले समेत राजस्व संकलनको जिम्मेवारि लिनाले, सिफारीस दस्तुर मिन्हा दिइ घटी राजस्व संकलन गर्ने जोखिम देखियो । साथै सवारी साधन चलाउने जिम्मेवारी रहेक सवारी चालक अम्मल राज फर्सालालाई समेत आर्थिक प्रशासनको राजस्व संकलन गर्ने जिम्मेवारी लिनु मनासिव देखिएन। कार्यालयको सरसफाई चियापानको व्यबस्थापन गर्ने तथा सहायक कर्मचारी र वडा सचिवलाई सहयोग गर्ने जिम्मेवारी रहेका कार्यालय सहयोगि छक्क फसाललाई संकलित राजस्व रु.६२,९३३।० वुझाएको र निज स्वयं समेतले संकलन गरेको रु.३,६५०।० समेत जम्मा रु.६६,५८३ राजस्व जिम्मा लिएकोम लेखापरीक्षण अवधि सम्म रु.३०,१३०।० दाखिला गरी रु. ३६,४५३।- दाखिला गरेको नदेखिएकोले व्याज समेत असुल हुनुपर्ने रु.३६,४५३।०

**[घ]**शान्ती घाट राजस्व संकलनः शान्ती घाटवाट नगर क्षेत्रमा प्रवेश गर्ने सवारी साधान तथा आयात गरिने प्राकृतिक साधन तथा निर्माण सामाग्रिमा शुल्क रोयल्टी संकलन गर्न नगरप्रमुखको आदेशमा राकेश थापालाई अमानतमा राजस्व संकलन जिम्मेवारी दिएको पाइयो। निजले संकलन गरेको राजस्व रु.१,१९,४६०। लखापरीक्षण अवधि २०८०।५।२३ सम्म पनि दाखिला नगरेको हुदा व्याज समेत असुल गर्नुपर्ने रु.१,१९,४६०।०

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८२,५९८ |

६६.२ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८.१मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ । दफा २८. (२) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्नेछ उल्लेख छ।पशु सेवा शाखालाई राजस्व असुल गर्ने प्रयोजन रसिद नं ४०१ देखि ४५० र २०१ देखि २५० सम्म गरी १०० थान नगदी रसिद दिएकोमा नगदी रसिद पेश हुन आएन ।निजले कुल रु.३४,०७८। दाखिला गरेको विवरण पेश भएको छ ।रसिद नंवर २०१ देखि २५० सम्म रसिद पेश नभएको दाखिला रकम यर्थाथ हो भनि विश्वस्त हुने आधार भएन। तसर्थ छानविन गरी रसिद नंवर २०१ देखि २५० सम्मको रु.२१,२३२।० राजस्व दाखिला भएको छ। उक्त राजश्व यथार्यपरक भए नभएको यकीन गर्न नसकिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,२३२ |

६७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०००००० | ५४०२३७ | ५४.०२ |
| घरजग्गा वहाल कर | १५००००० | १६९६०० | ११.३१ |
| व्यवसाय कर | १०००००० | ११५६३० | ११.५६ |
| वहाल विरौटी शुल्क | ० | ० | ० |
| अन्य | ७५०००००० | ३५०३५३५ | ५०.०५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

६८ **लिलाम प्रकृया सम्बन्धी कागज प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०७ मा लिलाम विक्री गर्ने सामानको मूल्याङ्कन गर्नु पर्ने ,नियम १०८ मा ३ लाख सम्म मूल्याङ्कन भएको सम्पत्तीको कार्यालयमा सूचना टाँस गर्नु पर्ने ३लाख देखि १० लाख सम्म मूल्याङ्कन भएको सम्पत्तीको १५ दिनको सूचना दिई स्थानिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्ने , १०लाख भन्दा बढी मूल्याङ्कन भएको सम्पत्तीको २१ दिनको समय दिई राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्ने तथा उल्लेखित ३ प्रकारका सूचना कार्यालयको वेभसाईटमा प्रकाशन गर्नु पर्ने साथै उपनियम ३(घ)मा प्रकाशित सूचनामा बढाबढ हुने मूल्य खुलाउनु पर्ने उल्लेख छ । कार्यालयले मातृका सन्ज्यालबाट रु.३३,०७०।०० तथा वृन्दा न्यौपानेबाट रु. ४८,०००।०० गरि रु.८१,०७०।- दाखिलाको हिसाव पेश गरेको छ। कार्यालयको वेभ साईटमा न्यूनतम रु.७००००।- मुल्य राखि वि सं २०८० ।३।१७को मिति उल्लेख भएको ३।१८ गते १२ वजे दिउसो सम्मको अवधी दिई काठ लिलाम विक्रिको सूचना प्रकाशन भएको पाईयो । सो बाहेक लिलाम विक्रि संग सम्बन्धीत कुनै कागजात पेश भएन ।जस्ता पाता विक्री सम्बन्धी सूचना लगायत लिलाम प्रकृया को फाईल पेश नहुदा लिलाम प्रकृया वस्तुनिष्ठ मितव्ययी यथार्थपरक तथा बढी राजस्व प्राप्त हुने गरी भएको छ भन्ने आधार नभएकोले लिलाम प्रकृया सम्बन्धी कागज प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८१,०७० |

६९ **राजश्व असुली स्थीति**

पालिकाले यो वर्ष रु.३,२२,१७,९०१।-राजस्व आय प्राप्त गर्ने लक्ष्य राखेकोमा पालिकाको सुत्रको आम्दानी प्रतिवेदन अनुसार रु.४४,३८,४३३।- आय प्राप्त गरि लक्ष्यको तुलनामा रु.२,७७,७९,४६८।- घटी प्राप्त

गरी १३.७७ प्रतिशत असुल गरेको छ । एम्बुलेन्स सेवा संञ्चालनमा दुरी ,शुल्क दर र सेवा शुल्क असुली भिडान हुने अभिलेख राखि हिसाव पेश गर्नु पर्नेमा हिसाव पेश नगरेको ,आय परीक्षणको लागि वडा कार्यालयका कर्मचारीहरु बाट घटना दर्ता सूचकको जानाकारी तथा सिफारिस चलानी अभिलेख माग गरेकोमा पेश नगरेको ,प्राकृतिक श्रोत वालुवामा आय संकलन नगरेको, राजस्व आम्दानी तथा दाखिला संग सम्बन्धीत महालेखा परीक्षकको फारम अभिलेख नराखेको हुँदा असुल हुनु पर्ने राजस्व असुल भए नभएको एकिन गर्न सकिएन ।आर्थिक ऐन वा सम्बन्धित ऐन बमोजिम लगाएका कर (विभाज्य समेत्) सो कानूनमा तोकिए बमोजिम लक्ष्य निर्धारण गरी असुल गर्नु पर्दछ। एकातिर चालु खर्च वढदै जाने अर्को तर्फ राजस्व असुली घटदै जानाले आर्थिक अनुशासन कायम भई आफै आत्म निर्भर भई अनुदान नलिइ स्वायत्त शासन संचालन गर्ने गन्तव्यमा पुग्न कठीनाई हुने देखियो । संघीय तथा प्रदेश अनुदानमा निर्भर भइरहने प्रवृत्ती स्थानिय स्वायत्त सरकारको अवधारणा संग मेल खाएको देखिएन ।

७० **रास्कोट अस्पतालको हिसाव**

रास्कोट कम्युनिटी अस्पताल ,रवि लामिछाने फाउण्डेशन तथा रास्कोट नगरपालिका विच मिति २०७७।७।२७मा त्रिपक्षिय सहमति भई साविकको रास्कोट कम्युनिटी अस्पताल विघटन गरि रास्कोट नगरपालिकको पूर्ण स्वामित्वमा संचालन तथा व्यवस्थापन हुने गरि रास्कोट अस्पताल स्थापना भई संचालनमा रहेको छ । त्रिपक्षिय सहमति अनुसार रासकोट नगरपालिकाले रास्कोट अस्पतालको संचालन तथा व्यवस्थापन गर्दै आएको छ । अस्पतालको आर्थिक कारोवारको विगत ३ वर्ष देखि लेखापरीक्षण भएको छैन । आर्थिक वर्ष२०७९।८०को पेश भए सम्मको विवरण अनुसार अस्पतालको ग्लोवल आई एम ई वैकमा रहेको खातानं १३७०१०१०००५२९६को account statement report अनुसार शरु मौज्दात रु ८७७९१८।२०मा यो वर्ष जम्मा भएको रु.१,०५,८६,३६०।००[नगरपालिकाबाट जम्मा गरिदिएको कर्मचारी तथा स्वास्थ्यकर्मिको पारीश्रमिक ]समेत रु.१,१४,६४,२७८।२०बाट विभिन्न शिर्षकमा रु.१,१३,५६,७००।- खर्च भई रु.१,०७,५७८।२०अन्तिम मौज्दात रहेको देखिन्छ।उल्लेखित कारोवार बाहेक अस्पताललले विभिन्न शिर्षकमा आम्दानी गरेको नगदबाट रु.२३,५१,८९५।००नगरपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको विवरण तथा असुल गरेको नगद रकम बाट औषधि उपकरण खरिद गरेको रु.२१,५६,७७३।०० समेत रु.१,५९,७२,९४६।२० रहेको विवरमा देखिन्छ । लेखापरीक्षणको लागि अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानुन माग गरेकोमा लेखापरिणको क्रममा पेश भएन ।अस्पतालको आम्दानी खर्च तथा कोषको कारोवारको विगत ३ वर्ष देखि लेखापरीक्षण नभएकोले श्रेष्ता कागजात प्रमाण अद्यावधिक गरि लेखापरीक्षण गराउनु पर्दछ ।

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष-** २०७९/८०

**कार्यालय र स्थान** - रास्कोट नगरपालिका, कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जवन सिहं बम | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | वीर बहादुर रावत | २०७७-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण-**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,५७३,१७२ | २०,८४७,५६५ | २८,५७२,६१६ | ० | ० | ८३९,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५३,८३२,३५३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५३,८३२,३५३ |

**स्थानीय तह -**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६२६१०८७.० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५३०६१९९६ | **चालु खर्च** | ३१०८०६४४२ |
| **प्रदेश सरकारबाट अनुदान** | ५९१६३५०९ | **पूँजीगत खर्च** | १७९०३८१४५ |
| **राजश्व बाँडफाँट** | ६०२४६६३७ | **वित्तीय/अन्य व्यवस्था** | १७०२५३८३८ |
| **आन्तरिक आय** | ४४३८४३३.० | | |
| **अन्य आय** | २०४६८२३६४.६१ | | |
| **कुल आय** | ६८१५९२९३९.६१ | **कुल खर्च** | ६६००९८४२५ |
| **बाँकी मौज्दात** | | २७७५५६०१.६१ | |

**बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| आम्दानी | | | | खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| क स | क्रियाकलाप | | आम्दानी | क स | क्रियाकलाप | जम्मा खर्च | |
| १ | गत आ.ब को जिम्मेवारी | | ६२६१०८७. | १ | राजश्व बाडफाड खर्च | | ५९८२३८१५. |
| | नगद | | | | राजश्व बाडफाड सघीय सरकार | ५९८२३८१५. | |
| | वैक | ६२६१०८७ | | | राजश्व बाडफाड प्रदेश सरकार | ०. | |
| २ | राजश्व आन्तरिक आय | | ६४६८५०६९. | २ | वित्तिय हस्तान्तरण सघ खर्च | | ३४२७१७१५३. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आन्तरिक आय | ४४३८४३३. | | | वित्तिय समानिकरण अनुदान खर्च | १०१५७११५१. | |
| | राजश्व बाडफाड सघीय सरकार | ६०२४६६३६. | | | ससर्त अनुदान खर्च | २२७२७१७००. | |
| | राजश्व बाडफाड प्रदेश सरकार | ०. | | | समपुरक अनुदान खर्च | ५४५६५९३. | |
| ३ | वित्तिय हस्तान्तरण सघ | | ३५३०६१९९६ | | विशेष अनुदान खर्च | ८४१७७०९. | |
| | वित्तिय समानिकरण अनुदान | १०४३४०००० | | | अन्य अनुदान खर्च | ०. | |
| | ससर्त अनुदान | २३४८४७६९४ | | ३ | प्रदेश सरकारवाट अनुदान खर्च | | ५६८०८३५९. |
| | समपुरक अनुदान | ५४५६५९३ | | | वित्तिय समानिकरण अनुदान खर्च | १०४५६३५०. | |
| | विशेष अनुदान | ८४१७७०९ | | | ससर्त अनुदान खर्च | ३८७४२२०७. | |
| ४ | अन्य अनुदान | ० | | | समपुरक अनुदान खर्च | २८४८२२९. | |
| ५ | प्रदेश सरकारवाट प्राप्त अनुदान | | ५९१६३५०९ | | विशेष अनुदान खर्च | ४७६१५७३. | |
| | वित्तिय समानिकरण अनुदान | ११३८९०००. | | | अन्य अनुदान खर्च | ०. | |
| | ससर्त अनुदान | ३९९७४७०७ | | ४ | युनिसेफ कार्यक्रम | | ४७४१७४८ |
| | समपुरक अनुदान | २८४८२२९ | | ५ | अन्तरसरकारी बित्तीय हस्तान्तरण खर्च | | १७३९७७४३५. |
| | विशेष अनुदान | ४९५१५७३. | | | सामाजिक सुरक्षा | ८८७५९७२८. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्य अनुदान | ०. | | | एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम | ५०२४७०८९. | |
| ६ | युनिसेफवाट प्राप्त | | ४७४१७४८ | | स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम | ४९९९२३२. | |
| ७ | अन्तरसरकारी बित्तीय हस्तान्तरण | | १७४३१२११५. | | पूर्वाधार विशेष कार्यक्रम | ९९३०८३३. | |
| | सामाजिक सुरक्षा | ८८७५९७२८. | | | गरिवसग विश्वेश्वर | ०. | |
| | एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम | ५०२४७०८९. | | | कृषी क्षेत्र विकास कार्यक्रम | ०. | |
| | स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम | ४९९९२३२. | | | स्थानिय पूर्वाधार विशेष साझेदारी कार्यक्रम LISP | १७६१६५५३. | |
| | पूर्वाधार विशेष कार्यक्रम | ९९३०८३३. | | | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २४२४०००. | |
| | गरिवसग विश्वेश्वर | ०. | | ६ | विविध | | ३६२४५६९ |
| | कृषी क्षेत्र विकास कार्यक्रम | ०. | | | सडक वोर्ड तथा अन्य | १६४६३१४ | |
| | स्थानिय पूर्वाधार विशेष साझेदारी कार्यक्रम LISP | १७९५१२३३. | | | प्रकोप ब्यवस्थापन कोष | १९७८२५५ | |
| | आन्तरिक मामिला तथा | २४२४०००. | | | सडक वोर्ड | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कानुन मन्त्रालय | | | | | | |
| ८ | विविध कोष खाता | १२२३२०००. | १५०७४५७२. | | कृषी क्षेत्र विकास कार्यक्रम | ०. | |
| | सडक वोर्ड | | | ७ | धरौटी | | १४७२३३९ |
| | कृषी क्षेत्र विकास कार्यक्रम | | | ८ | अन्य खर्च ( आन्तरिक श्रोत समावेश | | ७९३४५१३. |
| | वालवालिका कार्यक्रम | | | ९ | कोलेनिका फिर्ता | | ८९९८४९४.०० |
| | कार्यसञ्चालन कोष | | | १० | मौज्दात | | |
| | प्रकोप व्यवस्थापन कोष | २८४२५७२. | | | क) नगद | | |
| ९ | धरौटी गत अल्या ५७०१२३८ र यस वर्ष ४८५२६९२ | | १०५५३९३०. | | ख) बैंक मौज्दात | | २७७५५६०१.६१ |
| | | | | | · संचित कोष खाता | ०.०० | |
| | | | | | प्रदेश समानीकरण अनुदान | ९३२६५०.०० | |
| | | | | | स्थानिय पूर्वाधार विशेष साझेदारी कार्यक्रम LISP | ३३४६७९.६१ | |
| | | | | | सघ समानीकरण अनुदान | २७६८८४९.०० | |
| | | | | | · बाँडफाड प्राप्त राजस्व खाता रआन्तरिक राजस्व खाता | ३१८७८२९.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | · आन्तरिक अनुदान खाता | ०.०० | |
| | | | | | · धरौटी खाता | ९०८१५९१.०० | |
| | | | | | प्रकोप व्यवस्थापन कोष | ८६४३१७. | |
| | | | | | विविध | १०५८५६८६. | |
| | जम्मा | | ६८७८५४०२६.६१ | | | | ६८७८५४०२६.६१ |